**मजदुर दैनिक विज्ञापन शाखा**

नगाँचा, कमलविनायक, भक्तपुर-९, फोन नं.९७४४४२४४६५

**विज्ञापनको लागि सूचना**

सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने gmail id majdurdaily@gmail.com उक्त gmail id change भई नयाँ gmail id र भाइबर नं. भएको जानकारी गराउँदै विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा viber वा दिइएको gmail id मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**भाइबर नं.** : ९७४४४२४४६५

**Gmail :** majdurdailybigyapan@gmail.com

मजदुर The Worker Daily दैनिक



भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६ भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर

The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com





**विज्ञापनको निम्ति सम्पर्क**

फोन नं ६६१९१०७ ६६२०५५९



★ वर्ष : २८ ★ अङ्क : १९ ★ ने. सं. ११४६ शिल्ला गा, नवमी ★ बुधबार ★ २८ माघ, २०८२ ★ February 11, 2026, Wednesday ★ मूल्य रु.५।- ★ पृष्ठ ८


## शासक दलहरूले देश र जनताको समस्या समयमै समाधान गर्न नसक्दा विध्वंश

भक्तपुर, २७ माघ । नेपाल मजदुर किसान पार्टीको ५२ औं स्थापना दिवस छालिङको गुरी टोलमा मङ्गलबार सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सचिव एवं प्रतिनिधिसभा क्षेत्र नं. १ का उम्मेदवार प्रेम सुवालले नेपाल मजदुर किसान पार्टी स्थापनाको आधार किसान आन्दोलन, देशको सार्वभौमिकता रक्षा, विस्तारवाद र साम्राज्यवादको विरोधमा भएको आन्दोलन हो भन्नुभयो ।

उहाँले नेपाल मजदुर किसान पार्टीको घोषणापत्रअनुसार निर्वाचित भक्तपुर नगरपालिकाका जनप्रतिनिधिहरूले ख्वप कलेजहरू सञ्चालन गरी देशभरिका नयाँ पुस्तालाई इन्जिनियरिङ, व्यवस्थापन, मानविकी, विज्ञानलगायत विषयमा उच्च शिक्षा अध्ययन गराउँदै छन्; शासक दलहरूले ख्वप विश्वविद्यालयको विधेयक पारित नगरेको हुँदा जनताका छोराछोरीहरूले चिकित्सा शिक्षा (डाक्टर) पढाउने काममा विलम्ब भइरहेको छ भन्नुभयो ।

उहाँले भन्नुभयो, “सरकारमा गएका दलहरू भागबन्डा र पक्षपातमा लागेको, देश र जनताको समस्या समयमा समाधान नगरेको, सम्भावित विध्वंशको पूर्वानुमान गर्न नसकेको हुँदा गत भदौ २३ र २४ गतेको दुर्घटना भएको सार्वजनिक भइसकेको छ ।”

उहाँले भन्नुभयो, “शासक दलका लाखौं कार्यकर्ता र कर्मचारीहरूले देश र जनताको समस्या समयमै समाधान गर्न सकेनन् र देश आगजनीमा पऱ्यो ।”

“नालापानीको लडाइँमा अङ्ग्रेज उपनिवेशवादीहरूले नेपालीसँग मित लगाएर नेपालीलाई आउने खानेपानीको मुहान थुनेर लडाइँ आफ्नो पक्षमा पारेका थिए । नेपाल मजदुर किसान पार्टीका कार्यकर्ता, समर्थक र जनतालाई फुटाउन प्रतिक्रियावादीहरूले अनेक छलछाम गर्नेबारे सबै सचेत हुनु जरुरी छ ।”, उहाँले भन्नुभयो ।

उहाँले भन्नुभयो, “अमेरिकी साम्राज्यवादले भेनेजुयलाको तेल, ग्यास र बहुमूल्य खनिज कब्जा गर्न त्यहाँका राष्ट्रपति माडुरो दम्पत्तिलाई कब्जा गरी अपहरण गरेको हो । नेमकिपाले संसारमा भइरहेको साम्राज्यवादी हस्तक्षेपको विरोध एवम् भर्त्सना गर्दै आएको छ ।”

कार्यक्रममा नेमकिपा चाँगुनारायण नगर समितिका अध्यक्ष न्हुछेभक्त फोजुले एमसीसी सम्झौता खारेज गर्न र नागरिकता विधेयक पारित नगराउन नेमकिपाले सदन र सडकमा आवाज बुलन्द गरेको चर्चा गर्दै देश र जनताको हितमा निरन्तर काम गरिरहेको बताउनुभयो ।

## के स्वास्थ्य बीमा कार्यक्रम बन्द हुँदै छ ?

काठमाडौं, २७ माघ । स्वास्थ्यमन्त्री डा. सुधा शर्माले ‘तत्काल १४ अर्ब बजेट नदिए स्वास्थ्य बीमा कार्यक्रम बन्द हुन्छ, अर्थ मन्त्रालयले रकम दिन नसक्ने भए कार्यक्रम बन्द गर्न अनुमति दिनुपऱ्यो’ भनी हालै एक सार्वजनिक कार्यक्रममा बोलेकी छन् ।

स्वास्थ्य बीमा कार्यक्रमले विपन्न नेपाली जनतालाई निकै राहत दिएको छ । २०७२ सालदेखि लागू भएको उक्त बीमा कार्यक्रम हाल देशका ७७ वटै जिल्लाका ५०० भन्दा बढी अस्पतालमा लागू भइसकेको छ । ती अस्पतालले मासिक २ अर्बभन्दा बढी भुक्तानी माग गर्ने गरेको बीमा बोर्डको कुरा सही मान्य हो भने स्वास्थ्य बीमा बोर्डले अस्पताललाई वार्षिक २४ अर्बभन्दा बढी भुक्तानी गर्नुपर्ने देखिन्छ । तर, नेपाल सरकारले चालू आ.व.२०८२।८३ को बजेटमा भने स्वास्थ्य बीमा शीर्षकमा जम्मा १० अर्ब मात्र विनियोजन गरेको छ । आवश्यकताको हिसाबले त्यो अत्यन्त न्यून रकम हो । आ.व. को आधा समय व्यतीत भई नसक्दादेखि नै बीमा बोर्डले भुक्तानीमा समस्या आएको बताउँदै आएको छ । बीमा बोर्डमा रकम कम भएको भनी स्वास्थ्यमन्त्री स्वयम्ले बीमा कार्यक्रम बन्द गर्ने प्रस्ताव सार्वजनिक रूपमै आउनु दु:खद पक्ष हो । स्वास्थ्यमन्त्रीको कुरा सरकारलाई दबाब दिनमात्र हो या बीमा कार्यक्रम बन्द गर्ने आशयले नै आएको हो, त्यो भने प्रस्ट हुन सकिएको छैन ।

स्वास्थ्य बीमाको लागि आवश्यक स्रोतको सुनिश्चितता नेपाल सरकारले गर्ने हो । प्रति ५ जनाको परिवारसँग ३५००। लिएर रु.१ लाखसम्मको बीमाको प्रतिबद्धता गरिसकेपछि स्वास्थ्य बीमा बोर्ड त्यो जिम्मेवारीबाट भाग्न मिल्दैन । नेपालको संविधानमा नै आधारभूत स्वास्थ्य उपचार नि:शुल्क गर्ने मौलिक हकमा राखिएको छ । त्यो पूरा गर्ने जिम्मेवारी सरकारकै हो । जनतालाई दिइरहेको सुविधा बन्द गरिएमा त्यो जनघात हुनेछ । युवाहरूको विध्वंसात्मक प्रदर्शनपछि गठन भएको सरकारले स्वास्थ्य सेवा बन्द गरेमा त्यसले सरकारलाई त नराम्रो असर पार्ने नै छ । त्योभन्दा पनि ‘हामी सुशासन दिन्छौं’ भनेर जनताको घर दैलोमा गएर भोट मागिरहेका उम्मेदवारहरू बढी प्रश्नको घेरामा पर्नेछन् ।

ललितपुर महानगरका प्रमुख चिरिबाबु महर्जनले सरकारले बीमाबापतको भुक्तानी नगरे महानगरले दिने सार्वजनिक रूपमै बोले । त्यो बोल्न जति सजिलो छ, कार्यान्वयन गर्न त्यत्तिकै गाह्रो विषय हो । सरकारले स्रोत भर्ना दिन्छ कि दिँदैन सरकारको कुनै विश्वास छैन । किनभने, यो जनताको सरकार होइन ।

नेपालमा १६ लाखभन्दा बढी परिवार लक्षित वर्गमा पर्छन् । ती परिवारको नि:शुल्क बीमा हुन्छ । अन्य ७० लाखभन्दा बढी जनता बीमामा आबद्ध छन् । उनीहरूले तिरेको रकमले मात्र सरकारले बीमा बापतको भुक्तानी सम्भव छैन । आवश्यक स्रोत जुटाउनका लागि नियमित आयस्रोत भएका निजामती कर्मचारी, शिक्षक, बैङ्क तथा वित्तीय संस्थाका कर्मचारी, सेना, प्रहरी र सशस्त्र प्रहरी बलका जवानहरूलाई स्वास्थ्य बीमा कार्यक्रममा आबद्ध गराउनु राम्रो विकल्प हुनसक्छ ।

स्वास्थ्य बीमाको सुविधा अस्पतालहरूले बन्द गरेको खण्डमा बिरामीहरू निजी अस्पताल वा क्लिनिकमा जान बाध्य हुनेछन् । निजी क्षेत्रको उपचार अत्यन्त महँगो पर्छ । ठुलो रोग लाग्यो भने लाखौं रुपैयाँ खर्च हुन्छ । गरिबहरूले घर खेत बेचेर खर्च गर्न बाध्य हुनेछन् । व्यक्तिगत उपचार खर्चकै कारण वार्षिक ५.६ लाख नेपालीहरू गरिबीको रेखामुनि झर्छ भने तथ्याङ्क सार्वजनिक भएको छ ।

माघ १ गतेदेखि सूचना दिएरै टिचिङ अस्पतालले बीमा सुविधा बन्द गऱ्यो । धेरै सर्वसाधारण जनताले अत्यन्त समस्या भोगिरहेका छन् । अन्य ठुल्ठुला सरकारी अस्पतालहरू पनि बन्द गर्ने क्रममा छन् । यही अवस्था रही रह्यो भने वीर अस्पताल, पाटन अस्पताललगायत देशका महत्त्वपूर्ण सरकारी अस्पतालहरूले समेत अबको केही समयपछि बीमा सुविधा बन्द गरेका समाचार आएमा आश्चर्य नमान्ने हुन्छ । यस्तो अवस्थामा स्वास्थ्यमन्त्री स्वयम्ले बीमा बोर्डले भुक्तानी दिन नसक्ने र बीमा कार्यक्रम बन्द गर्न अर्थमन्त्रीलाई गुहारेको विषयले त अब अस्पतालहरूलाई बीमा कार्यक्रम सञ्चालन गर्न सोच्नुपर्ने अवस्थामा पुऱ्याएको छ ।

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पतालको पनि २५.२६ करोडभन्दा बढी भुक्तानी बाँकी रहेको त्यहाँ कार्यरत अस्पतालका पदाधिकारीहरू बताउँछन् । छिट्टै बाँकी भुक्तानी नदिएको अवस्थामा अस्पतालका कर्मचारीहरूलाई तलब दिन, उपकरण खरिद गर्न र अन्य आवश्यक व्यवस्था गर्न कठिन हुने अस्पताल पदाधिकारीहरूको भनाइ छ ।

स्वास्थ्य बीमामा आबद्ध नागरिकहरू कतिले अनावश्यक स्वास्थ्य जाँच गराउने, कति अस्पतालहरूले वास्तविकताभन्दा बढी भुक्तानी माग्ने जस्ता कार्यले पनि बीमा बोर्डलाई ठुलो आर्थिक भार पर्न गएको दाबी पनि गरिएको छ । यो सत्य हो भने स्वास्थ्य बीमाको उद्देश्य, लक्षित वर्ग, सबै नागरिक बीमामा आबद्ध हुन उत्साहित गर्ने जनचेतनामूलक कार्यक्रमहरू अगाडि बढाउनुपर्छ ।

राज्य स्वास्थ्य बीमा कार्यक्रमबाट कुनै पनि हालतमा पछि हट्नु हुँदैन । बरु, थप स्रोतको लागि प्रयास गर्न जरुरी छ । सुर्तीजन्य पदार्थ, मादक पदार्थ र अन्य विलासिताका सामानहरूमा थोरै मात्र भए पनि स्वास्थ्य कर लगाइएमा अरबौं रुपैयाँ कोषमा जम्मा हुनेछ । यसबारे सरकारले सोच्न ढिलाइ गर्नु हुन्न ।

अहिले सबै दलहरू निर्वाचन घोषणापत्र तयारीको क्रममा रहेको हुँदा पार्टीहरूले स्वास्थ्य नीति तयार गर्दा घोषणापत्रमा स्वास्थ्य बीमा कार्यक्रमलाई निरन्तरता मात्र होइन अझ प्रभावकारी बनाउने प्रतिबद्धता आउनु जरुरी छ । विशेषगरी शासक दलहरू एमाले, नेका, नेकपा र नयाँ दलहरू जो सरकारको लागि भोट मागिरहेका छन्, ती पार्टीहरूको घोषणापत्रमा स्वास्थ्यलाई प्राथमिकतामा राखेर सबै नेपालीलाई स्वास्थ्य बीमामा आबद्ध गर्ने र राज्यले हरेक नागरिकलाई सहज उपचारको व्यवस्था गर्ने प्रतिबद्धता उल्लेख हुनुपर्छ ।

## गुठी अधिनष्ठ जग्गासम्बन्धी समस्या छिट्टै नै समाधान गर्ने मन्त्री इङ्नामको प्रतिबद्धता

भक्तपुर, २७ माघ । भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री प्रा.डा. कुमार इङ्नामले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित देको मिवा इतापाके आवास योजनामा गुठी अधिनष्ठ जग्गासम्बन्धी समस्या छिट्टै समाधान गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको नेतृत्वमा गएको टोलीले मङ्गलबार सहरी विकास मन्त्रालयको समेत जिम्मेवारी लिने मन्त्री इङ्नामसँगको भेटमा आवास योजनाको हालसम्मको भौतिक विकास तथा जग्गा प्रशासनसम्बन्धी प्रगतिबारे जानकारी गराउनुभयो ।

त्यस क्रममा नगर प्रमुख प्रजापतिले आयोजनाको भौतिक पूर्वाधारअन्तर्गत सडक, ढल निकास, टेवा पर्खालको कार्य अन्तिम चरणमा रहेको र जग्गा प्रशासनतर्फ आयोजना क्षेत्रको सम्पूर्ण स्वीकृत नापी नक्सा तथा स्रेष्ताअनुसार हाल कायम भएको २४४४ कित्ता जग्गामध्ये १२८३ कित्ता जग्गा अर्थात् ५२.५० प्रतिशत विकसित घडेरी फिर्तासमेत भइसकेको अवगत गराउनुभयो ।

नगरपालिकाद्वारा सञ्चालित उक्त आयोजनाको १६५३ रोपनी जग्गामध्ये ६८ रोपनी जग्गा गुठी अधिनष्ठ रहेको र उक्त जग्गामा काठमाडौं उपत्यका विकास प्राधिकरण ऐन २०४५ को दफा १०.१.१ अनुसार तथा आयोजना व्यवस्थापन उपसमितिको निर्णयअनुसार योगदान प्रतिशत कट्टी गरेकोमा गुठी संस्थानबाट उक्त निर्णय कार्यान्वयनमा समस्या भएको उल्लेख गर्दै प्रमुख प्रजापतिले स्थानीय तहबाट सञ्चालित आयोजना यथाशक्य चाँडो सम्पन्न गर्न मन्त्रालयको तर्फबाट आवश्यक निर्णय गर्नको निम्ति अनुरोध गर्नुभयो ।

सोही क्रममा मन्त्री इङ्नामले राज्यबाट सञ्चालित विकास आयोजनाहरूमा गुठी जग्गा समस्या रहेको आफूलाई जानकारी रहेको उल्लेख गर्दै यस विषयमा सरोकारवालाहरूसँग पटक-पटक छलफल गरिरहेको बताउनुभयो । उहाँले छिट्टै नै यो समस्या समाधानको निम्ति ठोस निर्णय गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

नगरपालिकाले गुठी जग्गाको समस्या समाधान गर्न गुठी संस्थान केन्द्रीय कार्यालयमा पटक-पटक अनुरोध गर्दा पनि समाधान नभएपछि मन्त्रालयसमक्ष अनुरोध गरिएको हो । २०७२ सालमै योजना स्वीकृत भई सञ्चालन भइरहेको देको मिवा इतापाके आवास योजनामा गुठी संस्थानले अनाहकमा जनतालाई दु:ख दिइरहेको पनि प्रमुख प्रजापतिले सो अवसरमा बताउनुभयो ।

## युवाहरूलाई स्वदेशमै रोजगारीको व्यवस्था मिलाउनुपर्ने

भक्तपुर, २७ माघ । नेपाल मजदुर किसान पार्टी भनपा १० वडा समितिको आयोजनामा प्रतिनिधिसभा सदस्य निर्वाचन परिचालन समिति गठन कार्यक्रम कमलविनायकमा मङ्गलबार सम्पन्न भयो ।

कार्यक्रममा बाग्मती प्रदेश सांसद एवं नेमकिपाका केन्द्रीय सदस्य सुरेन्द्रराज गोसाईले फागुन २१ गते हुने प्रतिनिधिसभाले देशको कानुन, नीति नियम, विधि विधान निर्माण गर्ने भएकोले सम्पूर्ण जनता निर्वाचनमा सहभागी हुनुपर्ने बताउनुभयो ।

उहाँले काम गरी खाने वर्गको हितमा ऐन कानुन निर्माण गर्ने पार्टीलाई मत दिएर जिताउनुपर्ने बताउनुभयो ।

देशमा रासायनिक मल कारखाना स्थापना गर्नुपर्ने भनी नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छेँले ३० वर्षअगाडि नै संसद्मा आवाज उठाउनुभएको उल्लेख गर्दै उहाँले विदेशी रासायनिक मल महँगोमा किन्न बाध्य बनाएको बताउनुभयो ।

उहाँले देशको महत्त्वपूर्ण युवा जनशक्तिलाई स्वदेशमै रोजगारीको व्यवस्था मिलाउन सरकारी कलकारखाना, उद्योग तथा कृषि नीति ल्याएर सञ्चालन गर्नुपर्ने बताउनुभयो ।




उहाँले भक्तपुर नपाबाट सञ्चालित कलेज, अस्पताल, विकास निर्माणका कार्यहरू, सम्पदा संरक्षणका कार्यहरू हेर्न नेता, मन्त्रीहरूसमेत भक्तपुरमा भ्रमण गर्न आउने गरेको बताउनुभयो ।

नेमकिपाले भक्तपुरमा ख्वप कलेज, ख्वप इन्जिनियरिङ कलेज, ख्वप बहुप्राविधिक अध्ययन संस्थान, नर्सिङ, ख्वप कलेज अफ ल आदि कलेजबाट देशभरिका नयाँ पुस्तालाई योग्य र सक्षम जनशक्ति तयार गर्न सेवा गरिरहेको प्रस्ट पार्दै उहाँले ख्वप विश्वविद्यालय सञ्चालन भए देशविदेशबाट भक्तपुरको सांस्कृतिक, बाजागाजा, सम्पदा पुन:निर्माण, स्थानीय सीपबारे अध्ययन गर्न आउने बताउनुभयो ।

नेमकिपाले सरकारमा गएकालाई सधैं राम्रो बाटो देखाउने गरेको र नराम्रो काम गरेमा सोको विरोध गर्न कहिल्यै नचुकेको उल्लेख गर्दै उहाँले नेमकिपाले देशघाती सन्धि सम्झौता नगरेको र जनताको नि:स्वार्थ सेवा गरिरहेको बताउनुभयो ।

कार्यक्रममा भनपाका पूर्वउपमेयर चैत्यराज शाक्यले व्यक्तिगत र पारिवारिक कामलाई थाति राखी निर्वाचनमा सही नेतृत्वलाई दिने एक मत नै देश विकासको लागि अमूल्य हुने बताउनुभयो ।

उहाँले नेमकिपाले गरिरहेको शिक्षा, स्वास्थ्य, सरसफाइ, सम्पदा संरक्षण तथा विकास निर्माणका कार्यहरू नमुना भएको उल्लेख गर्नुभयो ।

नेमकिपा नगर समिति भक्तपुरका प्रतिनिधि विष्णुराम दुमरुले देशघाती नागरिकता विधेयक, एमसीसी सम्झौताहरू संसद्मा पेस गर्दा चुइँक्क

*बाँकी पृष्ठ ८ मा*



भक्तपुर नगरपालिका वडा नं. ७ वडा कार्यालयमा कायम गरिएको खोप केन्द्रमा एचपीभी खोपका निम्ति नाम दर्ता गराउँदै किशोरीहरू मङ्गलबार ।
*तस्बिर : मजदुर दैनिक*

# खाना पकाउने ग्यासको अभाव देखिएपछि अनुगमन गर्दै विभाग

काठमाडौँ, २७ माघ । बजारमा खानेतेल, खाना पकाउने ग्यासलगायत सामग्रीको कृत्रिम अभाव देखिएपछि वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले राजधानीका विभिन्न स्थानमा स्थलगत अनुमगन तथा निरीक्षणलाई तीव्रता दिएको छ ।

विभागले उपभोक्तालाई अति आवश्यक तथा दैनिक उपभोग्य वस्तुका उत्पादक, बिक्रेता, पैठारीकर्ता, सञ्चयकर्ता र सेवाप्रदायक फर्म एवं प्रतिष्ठानमा निरन्तर रूपमा अन्य सक्षम निकायको सहयोग लिई संयुक्त बजार अनुमगन अगाडि बढाइएको उल्लेख गरेको छ ।



सहज रूपमा उपभोक्तालाई राहत दिन, उपभोग्य वस्तुको कृत्रिम अभाव गराउनेलाई कारबाहीको दायरामा ल्याउन विभागले प्रभावकारी रूपमा अनुमगन गरिरहेको उल्लेख गरेको छ । पछिल्ला दिनमा विशेषगरी खाना पकाउने ग्यासको अभाव देखाएर उपभोक्तालाई दु:ख दिने काम भइरहको छ । कानुनविपरीतका काम गर्नेलाई विभागले कारबाहीको दायरामा ल्याइएको उल्लेख गरेको छ ।

विभागले प्रचलित कानुनविपरीतका कुनै पनि क्रियाकलाप भएको पाइएमा प्रचलित कानुनबमोजिम कडा कारबाही हुने स्मरण गराएको छ । नेपाल आयल निगमले बजारमा खाना पकाउने ग्यासको सहज आपूर्ति भएको दाबी गरिरहेको भए पनि उपभोक्ताले सहज रूपमा पाउन नसकेको गुनासो गरेका छन् । अत्यधिक गुनासो बढेपछि विभागले आवश्यक सक्रियता देखाएको हो । ***रासस***

# बाराही साकोसमा सुपरिवेक्षण तथा अनुगमन सम्पन्न

भक्तपुर, २७ माघ । नेफ्स्कुनको स्क्यान कार्यक्रमअन्तर्गत बाराही साकोसमा सुमनराज घिमिरेको नेतृत्वमा नेफ्स्कुनद्वारा माघ २७ गते स्थलगत सुपरीवेक्षण तथा अनुगमन गरिएको छ ।

नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी सङ्घ लि. (नेफ्स्कुन) द्वारा सञ्चालित (SCAN Supervisory Checks and Analysis for Navigation) नियमित निरीक्षण तथा अनुगमन कार्यक्रमअन्तर्गत सहकारी क्षेत्रमा सुशासन र सदस्यको बचत सुरक्षाको मुख्य चुनौतीलाई मध्यनजर गरी बाराही बचत तथा ऋण सहकारी संस्था लि. मा सघन स्थलगत सुपरीवेक्षण अनुगमन तथा प्राविधिक विश्लेषण गरिएको हो ।

संस्थाको वित्तीय सुरक्षा, सुशासन र सञ्चालन प्रक्रियालाई थप सुदृढ बनाउने उद्देश्यले नेफ्स्कुनका अनुगमन अधिकृत सुमनराज घिमिरे र अनुगमन सहायक नमुना सापकोटाले संस्थाको स्थलगत अनुगमन गर्नुभएको हो । उहाँले अनुगमन तथा सुपरीवेक्षणको क्रममा संस्थाको मुख्य वित्तीय सूचकहरू, जोखिम व्यवस्थापन प्रणाली, आन्तरिक नियन्त्रण प्रणाली, समिति र साधारणसभाको निर्णय पुस्तिका, डिजिटल सुशासन र पारदर्शिताअन्तर्गत कोपोमिस प्रणालीमा तथ्याङ्क प्रविष्टिको अवस्था तथा गो ए एम एलमार्फत सम्पत्ति शुद्धीकरण निवारणको प्रभावकारीता विश्लेषण र नीतिगत कार्यान्वयनको अवस्थाबारे सूक्ष्म विश्लेषण गर्नुभएको थियो ।

सुपरीवेक्षणपछि आयोजित रणनीतिक छलफल कार्यक्रममा नेफ्स्कुनका अनुगमन अधिकृत सुमनराज घिमिरेले संस्थाका सबल पक्षहरू र आगामी दिनमा सुधार गर्नुपर्ने क्षेत्रबारे प्रस्तुति दिनुभयो । उहाँले पहिचान गरिएका सुझावलाई व्यवहारमा उतार्न स्पष्ट कार्ययोजना आवश्यक रहेकोमा जोड दिनुभयो ।

'स्क्यान' कार्यक्रमले विशेषगरी सहकारीको जोखिम न्यूनीकरण र दिशाबोध (Navigation) मा जोड दिने भएकोले, अनुगमनको क्रममा प्राप्त तथ्याङ्कका आधारमा संस्थाको वर्तमान अवस्थाको 'स्वस्थता परीक्षण' गरिएको थियो । सो अवसरमा अधिकृत घिमिरेले संस्थाका सञ्चालक समिति र व्यवस्थापन पक्षसँग छलफल गर्दै सहकारीलाई सुरक्षित र सदस्यकेन्द्रित बनाउन सुधार गर्नुपर्ने प्राविधिक पक्षहरूबारे सुझाव प्रस्तुत गर्नुभयो ।

संस्थाका सञ्चालक र व्यवस्थापन टीमबाट प्राप्त सुझावहरूलाई तत्काल सुधार कार्ययोजना तयार गरी कार्यान्वयनमा लैजाने प्रतिबद्धता व्यक्त भएको छ । सहकारीप्रति सदस्य तथा समुदायको विश्वास कायम गर्न यस संस्थाले स्वनियमन, आन्तरिक नियन्त्रण प्रणाली तथा वित्तीय अनुशासनलाई विशेष प्राथमिकतामा राख्दै संस्था आगाडि बढ्ने प्रतिबद्धता जनाएको छ । संस्थाले आफ्ना सदस्यहरूको बचतलाई सुरक्षित राख्दै व्यावसायिकता कायम गर्न नेफ्स्कुनको यो प्राविधिक सहयोग महत्त्वपूर्ण रहने विश्वास लिएको छ । बाराही साकोसले विगतदेखि नै सुशासन र सुरक्षामा विशेष ध्यान दिँदै आएकोमा यस्ता नियमित अनुगमनले संस्थाको विश्वसनीयता थप बढ्ने निष्कर्ष निकालिएको छ ।

# वीरगञ्जमा सशस्त्र प्रहरीमाथि आक्रमण गर्ने चार पक्राउ

वीरगञ्ज (पर्सा), २७ माघ । जिल्ला प्रहरी कार्यालयले वीरगञ्जको अवैध गोदाममा छापा मार्न जाँदा सशस्त्र प्रहरीमाथि आक्रमण गर्ने चार जनालाई पक्राउ गरेको छ । वीरगञ्ज भन्सार कार्यालय र सशस्त्र प्रहरी बलले सोमबार वीरगञ्जको आदर्शनगरथित अवैध गोदाममा छापा मार्ने क्रममा स्थानीय व्यापारी समूहको आक्रमणबाट तीन जना सशस्त्र प्रहरी घाइते र सशस्त्र प्रहरीका दुईवटा सवारीसाधनमा क्षति पुगेको थियो ।

पर्सा प्रहरीका प्रवक्ता तथा प्रहरी नायब उपरीक्षक हरिबहादुर बस्नेतले सशस्त्र प्रहरीमाथि आक्रमण गर्ने चार जनालाई सोमबार रातिसम्म पक्राउ गरिएको जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "सशस्त्र प्रहरीमाथि आक्रमण गर्नेहरूको सिसीक्यामेरा फुटेज हेरेर आवश्यक अनुसन्धान भइरहेको छ । सशस्त्र प्रहरीमाथि आक्रमण गर्नेहरूका बारेमा आवश्यक अनुसन्धान भइरहेकाले पनि संलग्नहरूको नाम पछि मात्र सार्वजनिक गर्नेछौँ ।"

संयुक्त टोलीले भन्सार छली गरेर सामान भित्र्याएको आशङ्कामा आदर्शनगरस्थित मदनप्रसाद गुप्ताको घरमा अवैध रूपले गोदाम गरी राखिएको कपडा बरामद गर्ने क्रममा झडप भएको हो । सो ठाउँबाट सशस्त्र प्रहरीले करिब रु. १२ लाख ५० हजार मूल्यका सामान बरामद गरेको जनाएको छ । ***रासस***

# निर्वाचनमा मतदाताको जिम्मेवारी र भूमिका

**- कृष्णहरि बास्कोटा**

काठमाडौँ, २७ माघ । आगामी फागुन २१ गते प्रतिनिधिसभाका सदस्यको निर्वाचन हुँदै छ । नेपालको वर्तमान संविधानको धारा, २४५ र २४६ मा निर्वाचन आयोगको गठन र काम कर्तव्यबारे उल्लेख छ । यो संवैधानिक आयोग हो । यो सरकार मातहतको निकाय नभएर अधिकार सम्पन्न स्वतन्त्र निकाय हो । यसले स्वच्छ, स्वतन्त्र, निष्पक्ष र विश्वसनीय निर्वाचन गराउँछ ।

यसर्थ, १८ वर्ष उमेर पुगेका आम मतदाताले निर्वाचन आयोगले सम्पन्न गराउने निर्वाचनमा सहभागी भई नागरिकको कर्तव्यपालना गर्नुपर्छ । निर्वाचन आयोगको मुख्यालय काठमाडौँमा छ । सातै प्रदेश र ७७ वटै जिल्लामा यसका कार्यालयहरू छन् । यसर्थ, आफूलाई द्विविधा भएको विषयमा ती कार्यालयमा सम्पर्क राख्न सकिन्छ ।

आयोगले सञ्चालन गरेको 'कल सेन्टर' र आयोगको 'वेबसाइट' बाट पनि भरपुर सूचना हासिल गर्न सकिन्छ । आगामी फागुन २१ गते प्रतिनिधिसभाका २७५ जना सदस्य छनोटका लागि निर्वाचन हुँदै छ । यसमा ७७ जिल्लाबाट १६५ जना प्रत्यक्ष रूपमा निर्वाचित हुन्छन् भने ११० जना समानुपातिक निर्वाचनबाट निर्वाचित हुने कानुनी व्यवस्था छ । यसरी हामी मतदाताले एकै पटक प्रत्यक्ष र समानुपातिक गरी दुईवटा मतपत्रमा आफ्नो मत हाल्नुपर्छ ।

प्रत्यक्षतर्फको मतदानबाट सर्वाधिक मत ल्याउने उम्मेदवार विजयी हुन्छन् तर समानुपातिकतर्फ राजनैतिक दलको चुनाव चिह्नमा मत खसाएपछि सो को राष्ट्रियस्तरमा मतगणना भई मत सङ्ख्याका आधारमा समानुपातिकतर्फका उम्मेदवार निर्वाचित हुन्छन् । यसरी हामी मतदाताले एउटा मतपत्रमा प्रत्यक्षतर्फ मतदान गरी आफूले मतदान गरेको उम्मेदवार विजयी भए वा पराजित भए भनी मत गणनापछि जानकारी पाउछौँ ।

समानुपातिकतर्फको मतदानबाट कुन उम्मेदवार विजयी भए वा कुन उम्मेदवार पराजित भए भनी मतदातालाई प्रत्यक्ष जानकारी हुँदैन । तर, निर्वाचनपछि निर्वाचन आयोगले कुन दलबाट को-को समानुपातिक उम्मेदवार विजयी भए भनी जानकारी गराउँछ । यसरी प्रत्यक्ष निर्वाचनबाट हामी मतदाताले व्यक्तिको छनोट गर्दछौँ भने समानुपातिक मतदानबाट राजनैतिक दलको छनोट गर्दछौँ भनी हेक्का राख्नुपर्छ ।

नेपालको नागरिकताको प्रमाणपत्र भएको व्यक्ति १८ वर्ष पूरा भएपछि निर्वाचन आयोगको प्रक्रियाअनुसार मतदाता नामावलीमा सूचिकृत हुनुपर्छ । यसपछि आफ्नो फोटोसहितको मतदाता परिचयपत्र बन्छ । आगामी फागुन २१ गतेको निर्वाचनमा मतदान गर्न जाँदा सोही परिचयपत्र लिएर जानुपर्छ । सामान्यत: मतदान गर्न जाँदा नागरिकताको प्रमाणपत्र, लालपुर्जा, सवारीचालक अनुमतिपत्र, आफू कार्यरत कार्यालयको परिचयपत्र वा राहदानी लिएर जानु पर्दैन ।

निर्वाचन आयोगले जारी गरेको मतदाता परिचयपत्र समयमै खोजेर ठिक्क पार्नुपर्छ । तर, मतदाता नामावलीमा नाम समावेश भएको र कुनै कारणवस मतदाता परिचयपत्र फेला नपरेमा माथिका पाँचवटामध्ये कुनै एउटा कागजातको सक्कलै लिएर जाँदा मतदान गर्न पाइने व्यवस्था छ । यस्ता कुराको जानकारीका लागि निर्वाचन आयोगले मतदाता जागरण कार्यक्रम सञ्चालन गर्छ । यसमा सहभागी भई निर्वाचनसम्बन्धी अधिक कुरा जान्नुपर्छ । यस्तो कार्यक्रममा सहभागी हुन नसके निर्वाचन आयोगको वेबसाइटबाट पनि आवश्यक सूचनाहरू सङ्कलन गर्न सकिन्छ ।

निर्वाचनको दिन सवारीसाधन चलाउन पाइन्न । सो दिन सार्वजनिक यातायात सञ्चालन हुँदैन । यसर्थ, आफ्नो मतदान केन्द्र कहाँ परेको छ भनी मतदान हुनु पहिल्यै जानकारीमा राख्नुपर्छ । मतदान गर्ने समय बिहान ८ बजे आरम्भ भई बेलुकी ५ बजे समाप्त हुन्छ । यसर्थ, समयमै मतदाता परिचयपत्र लिएर मतदान केन्द्रमा पुग्नुपर्छ । त्यहाँ सर्वप्रथम आफ्नो नाम भिडाउनुपर्छ । महिला र पुरुषको लाइन भिन्दाभिन्दै हुन्छ । मतदानस्थलमा प्रवेश गर्ने द्वार र बाहिरिने ढोका फरक हुन्छ ।

मतदान केन्द्रको वरिपरि होहल्ला गर्न निषेध हुन्छ । यसर्थ, मतदान गरिसकेपछि निवासमै फर्किनुपर्छ । मतदान गर्नुपूर्व औँलामा मसी लगाएर मतपत्र प्राप्त हुन्छ । सो मतपत्रमा निर्वाचन आयोगले दिएको स्वस्तिक छाप लगाई मसी लतपत नहुने गरी पट्याएर बाकसमा खसाल्नुपर्छ । आफूले मतदान गरेको कसैले पनि देख्दैनन् । त्यहाँ सिसी क्यामरा जडान भएको हुँदैन तर मतपत्र भने सबैले देख्ने गरी बाकसमा खसाल्नुपर्छ । यी सबै कार्यको फोटो खिच्न निषेध हुन्छ । यसर्थ, मतदानस्थलमा मतदाता परिचयपत्रको अलावा अन्य अनावश्यक सामग्री साथमा लिएर जानु हुँदैन । मतदानस्थलमा जाँदा आफूलाई मन परेको उम्मेदवार वा राजनैतिक दलको प्रचार हुने लुगा लगाउन वा कुनै प्रकारको सङ्केत गर्न पाइन्न । यसरी हरेक मतदाताले सभ्य नागरिकको परिचय दिन पछि पर्नु हुँदैन ।

मतदान केन्द्रमा पूर्णत: सुरक्षा प्रदान गरिएको हुन्छ । त्यहाँ स्वयम्सेवक खटिएका हुन्छन् । उम्मेदवारका प्रतिनिधि पनि हुन्छन् । निर्वाचनमा खटिएका कर्मचारीसमेत हुने हुँदा आवश्यक सहयोग लिन सकिन्छ । निर्वाचनमा कुन उम्मेदवार र राजनैतिक दल छान्ने भन्ने आफ्नो नैसर्गिक अधिकार हो । यसमा विवेक पुर्‍याएर मतदान गर्नुपर्छ । मतपत्रमा स्वस्तिक चिह्न प्रयोग गर्दा आफ्नो मत बदर नहुने गरी ध्यान पुर्‍याएर छाप हान्नुपर्छ । गोप्य मतदान केन्द्रमा हडबड नगरी समय लिनुपर्छ । यसमा कुनै समयसीमा तोकिएको छैन । मतदान गरेपछि वा गर्नुअघि आफन्त वा चिनजानका व्यक्तिसँग मतदानका विषयमा छलफल गर्न सकिन्छ । तर, मेरो मत यस उम्मेदवारमा जान्छ वा यस उम्मेदवारलाई मतदान गरेँ भनी सार्वजनिक रूपमा प्रकट गर्नुपर्दैन । यो भने पनि पुष्टि गर्ने आधार कसैसँग पनि हुँदैन । कारण स्वस्तिक चिह्न प्रयोग गरेको मतपत्र सार्वजनिक गर्न पाइन्न । मतपत्रमा स्वस्तिक चिह्न हानेपछि सोको फोटो खिच्न पनि पाइन्न । यी सबै कुरा आचारसंहिताभित्र पर्दछन् ।

यहाँनेर एउटा प्रश्न उठ्छ, मतदान किन गर्ने ? सबै मतदान गर्न जाँदैनन्, म पनि नगए के फरक पर्ला ? यो गम्भीर प्रश्न हो । आम मतदाताले संविधान र कानुन एवं असल नागरिकको कर्तव्य भुल्नु हुँदैन । वर्तमान नेपालको संविधानले मुलुकको सार्वभौमसत्ता नेपाली जनताको काँधमा सुम्पिएको छ । यो भनेको आफ्नो शासन आफैँद्वारा आफैँलाई गर्ने हो । यस खातिर प्रतिनिधिसभालगायतको निर्वाचन हुन्छ । आगामी फागुन २१ गते प्रतिनिधिसभाका सदस्यहरूको निर्वाचन हुँदै छ । सो प्रतिनिधि सभाबाट प्रधानमन्त्रीको नियुक्तिका लागि मतदान हुन्छ । यसरी मुलुकको शासन सञ्चालनको जिम्मेवारी लिने जनप्रतिनिधिको छनोटमा हामी सबै सहभागी हुनुपर्छ । यो हरेक बालिग नागरिकको कर्तव्य हो ।

निर्वाचनमा फजुल खर्च हुने गरेको छ । यसमा सर्वसाधारण सजग हुनुपर्छ । राजनैतिक दल र उम्मेदवारको गतिविधिले घरभाडा वृद्धि हुन्छ । निर्वाचनको मुखमा अनावश्यक भ्रमण गर्दा यातायातको भाडा दर महँगो हुनसक्छ । यस बखत होटलका कोठा, रेस्टुरेन्ट र मोटर भाडा पनि महँगिन्छ । यसर्थ, आन्तरिक पर्यटनमा निस्किँदा यी कुराको पनि ख्याल गर्नुपर्छ । निर्वाचनको समयमा खाना, खाजा, माछा, मासु, खाद्य सामग्रीको खपत पनि बढ्छ । माग र आपूर्तिको सामञ्जस्यता नमिल्दा केही मूल्य वृद्धि हुनसक्छ । यसर्थ, यस्ता घरायसी खपतका सामानको पनि समयमै जोहो गर्नु बुद्धिमानी हुनेछ । यसबखत तुल, कपडा, ल्फ्रेक्स, पर्चा, पोस्टर, पम्प्लेट कागज, छपाइ, मुद्रण, विज्ञापन, होडिङबोर्डको खपत पनि बढी नै हुन्छ । यसर्थ, निर्वाचनकै मुखमा पर्ने गरी सङ्घसंस्थाले कार्यक्रम नगर्नु नै उचित हुन्छ । कैयौँ सरकारी कार्यक्रमहरू आचारसंहिताको कारण गर्न नपाइने पनि हुन्छ । विशेषगरी, निर्वाचनको समयमा मदिरा, चुरोट, स्थानीय रक्सी, जाँडलगायतका वस्तु पनि बढी नै खपत हुने गरेको छ । सामान्यत: यस्ता वस्तुको सेवन र उपयोग त्याग्नु नै उत्तम हुनेछ ।

अन्त्यमा, आगामी फागुन २१ गते प्रतिनिधिसभामा सदस्यहरूका लागि हुन गइरहेको प्रत्यक्ष र समानुपातिक निर्वाचनका लागि निर्वाचन आयोग र सरकारले विशेष पहल गरिरहेको छ । यसमा सघाउनु आम नागरिकको कर्तव्य हो । यथार्थमा निर्वाचनको कार्य आयोग, उम्मेदवार र राजनैतिक दलको लागि मात्रै नभई आम मतदाताका लागि पनि हो । लोकतन्त्रको प्राण नै निर्वाचन हो । यसलाई संरक्षण गर्ने जिम्मेवारी आम मतदाताको भएकोले यस कार्यमा मन, वचन र कर्मले संलग्न रहन सार्वजनिक आह्वान गरिन्छ । *(लेखक राष्ट्रिय सूचना आयोगका पूर्वप्रमुख आयुक्त तथा नेपाल सरकारका पूर्वसचिव हुनुहुन्छ)* ***रासस***

**सङ्क्षिप्त समाचार**

## नेपाली सेनालाई पाकिस्तानमा स्वर्ण पदक

काठमाडौँ, २७ माघ। नेपाली सेनाले पाकिस्तानमा आयोजित नवौँ पाकिस्तान आर्मी स्पिरिट प्रतियोगितामा स्वर्ण पदक जितेको छ।

यही माघ २२ गतेदेखि २४ गतेसम्म पाकिस्तानको पञ्जाव प्रान्तको खरियाँस्थित 'नेसनल काउन्टर टुरिजम सेन्टर' मा आयोजित प्रतियोगितामा सर्वोत्कृष्ट अङ्कसहित स्वर्ण पदक जितेको नेपाली सेनाले जनाएको छ।

प्रतियोगितामा पाकिस्तानसहित १७ राष्ट्रका ३८ सैनिक टोली सहभागी थिए। अभ्यासमा टोलीहरूको शारीरिक सहिष्णुता, मानसिक दृढता, पेसागत ज्ञान, रण कौशललगायतका क्षमताको परीक्षण गरिएको थियो। सन् २०१६ देखि वार्षिक रूपमा सञ्चालन हुँदै आएको अन्तर्राष्ट्रिय स्तरको उक्त प्रतियोगितामा नेपाली सेनाले यसअघि सन् २०२२ र सन् २०२५ मा पनि स्वर्ण पदक प्राप्त गरेको थियो। *रासस*

## एक करोड ३७ लाख ९१ हजार मतपत्र छापिए

काठमाडौँ, २७ माघ। प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि ४७ जिल्लाका ११० निर्वाचन क्षेत्रका एक करोड ३७ लाख ९१ हजार मतपत्र छापिएका छन्।

निर्वाचन आयोगका अनुसार डोल्पा, मुगु, जुम्ला, कालीकोट, हुम्ला, जाजरकोट, दैलेख, रुकुम (पश्चिम भाग), सल्यान, सुर्खेत, बाजुरा, अछाम, बझाङ, डोटी, डडेल्धुरा, दार्चुला, बैतडी, कैलाली, कञ्चनपुर, पाँचथर, इलाम, तेह्रथुम, भोजपुर, ओखलढुङ्गा, सुनसरी, ताप्लेजुङ, सङ्खुवासभा, सोलुखुम्बु, खोटाङ, धनकुटा, बागलुङ, गुल्मी, झापा, गोरखा, म्याग्दी, पर्वत, बर्दघाट सुस्ता पश्चिम (नवलपरासी), मोरङ, उदयपुर, मुस्ताङ, लमजुङ, तनहुँ, स्याङ्जा, बर्दिया, रुकुम पूर्व, दाङ र बाँकेका मतपत्र छापिएका हुन्। दैनिक १५ लाख मतपत्र छपाइ भइरहेको छ।

यसैगरी, समानुपातिक निर्वाचन प्रणालीतर्फ दुई करोड आठ लाख ३० हजार मतपत्र छापिसकेका छन्। पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीअन्तर्गत दुई करोड तीन लाख २३ हजार मतपत्र छाप्नुपर्नेछ।

प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि जनक शिक्षा सामग्री केन्द्र लिमिटेड, सानोठिमीमा समानुपातिक निर्वाचन प्रणाली तथा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीअन्तर्गत हुने निर्वाचनका लागि गत पुस २२ गतेदेखि मतपत्र छपाइ सुरु भएको हो। पहिलो चरणमा १० लाख ९८ हजार २०० नमुना मतपत्र छपाइ सम्पन्न गरी विभिन्न जिल्लामा पठाइसकिएको आयोगले जनाएको छ।

गत पुस २६ गतेदेखि समानुपातिक निर्वाचन प्रणालीतर्फको मतपत्र छपाइ सुरु गरी माघ १३ गते दुई करोड आठ लाख ३० हजार मतपत्र छपाइ सम्पन्न गरी प्याकिङ तथा रुजुसमेत गरी ढुवानीका लागि तयारी अवस्थामा राखिएको आयोगले जनाएको छ। माघ १६ गते बिहानदेखि प्रत्यक्ष निर्वाचन प्रणालीतर्फको मतपत्र छपाइ सुरु भएको हो। *रासस*

## रामेछापमा बस दुर्घटना नौ जनाको मृत्यु



रामेछाप, २७ माघ। रामेछाप सदरमुकाम मन्थली नजिक बस दुर्घटना हुँदा नौ जनाको मृत्यु भएको छ। सो दुर्घटनामा बसका चालकसहित ८ जना घाइते भएका रामेछापका प्रहरी नायव उपरीक्षक भोला भट्टले जानकारी दिनुभयो।

काठमाडौँबाट ओखलढुङ्गा जाँदै गरेको अरनिको यातायातको प्रदेश ०१-०१-००५ ख ९९७५ नम्बरको बस रामेछाप मन्थली नगरपालिका-६ मसानटारस्थित सडकबाट करिब ५० मिटर तल तामाकोसी नदीमा खसेको हो।

रामेछापका प्रहरी नायव उपरीक्षक भट्टका अनुसार नदीमा डुबेको बसबाट यात्रुको उद्धार गरी उपचारका लागि विभिन्न अस्पताल लगिएको छ। *रासस*



**मतपेटिका निर्वाचन क्षेत्रमा पठाइँदै**
आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि दाङको घोराहीस्थित लुम्बिनी प्रदेश निर्वाचन कार्यालयबाट जिल्लाका विभिन्न निर्वाचन क्षेत्रमा पठाउन मङ्गलबार बिहान मतपेटिका ट्रकमा लोड गर्दै कर्मचारीहरू। *तस्विर : कुलदीप न्यौपाने/रासस*

## भ्रष्टाचार नियन्त्रणमा नेपाल स्थिर

काठमाडौँ, २७ माघ। ट्रान्सपरेन्सी इन्टरनेसनल नेपाल (टीआई) ले सार्वजनिक गरेको भ्रष्टाचार अवधारणा सूचकाङ्क, २०२५ अनुसार नेपालले यस वर्ष पनि ३४ अङ्क प्राप्त गरेको छ। गत वर्षजस्तै अङ्क कायम रहँदा भ्रष्टाचार नियन्त्रणको अवस्थामा उल्लेखनीय सुधार देखिन नसकेको सङ्केत सूचकाङ्कले दिएको छ।

विश्वका १८० देश समेटिएको सूचकाङ्कमा नेपाल १०० मध्ये ३४ अङ्कसहित मध्यमभन्दा कमजोर अवस्थामै रहेको छ। सूचकाङ्कअनुसार शून्य अङ्क अत्यधिक भ्रष्ट र १०० अङ्क अत्यन्त पारदर्शी मुलुकलाई जनाउँछ। टीआई नेपालले सार्वजनिक गरेको विवरणअनुसार नेपालका लागि सूचकाङ्क निर्धारण गर्दा विश्व बैङ्क, विश्व आर्थिक मञ्च, बर्टेल्सम्यान फाउन्डेसन, ग्लोबल इन्साइट, वर्ल्ड जस्टिस प्रोजेक्ट, भी-डेमलगायतका अन्तर्राष्ट्रिय संस्थाका तथ्याङ्कलाई आधार बनाइएको छ।

दक्षिण एसियाली मुलुकहरूमध्ये भुटानले सबैभन्दा बढी ७१ अङ्क प्राप्त गरेको छ भने भारतले ३९, माल्दिभ्सले ३९, श्रीलङ्काले ३५, पाकिस्तानले २८, बङ्गलादेशले २४ र अफगानिस्तानले १६ अङ्क प्राप्त गरेका छन्। छिमेकी मुलुक चीनले ४३ अङ्क पाएको छ। भुटानबाहेक अधिकांश दक्षिण एसियाली देशमा भ्रष्टाचार गम्भीर समस्याका रूपमा कायम रहेको टीआईको निष्कर्ष छ। राजनीतिक अस्थिरता, कमजोर सुशासन, सार्वजनिक पदको दुरूपयोग, दण्डहीनता र पारदर्शिताको अभाव सूचकाङ्क सुधार नहुनुको प्रमुख कारणका रूपमा उल्लेख गरिएको छ।

प्रतिवेदनमा जनआन्दोलन, युवा सक्रियता र नागरिक दबाब बढ्दै गए पनि त्यसले ठोस नीतिगत तथा संरचनागत सुधारमा रूपान्तरण हुन नसकेको उल्लेख छ। सार्वजनिक सेवा प्रवाह, ठेक्का-पट्टा, कर प्रणाली र न्यायिक प्रक्रियामा अझै पनि भ्रष्टाचारको जोखिम उच्च रहेको टीआई नेपालको निष्कर्ष छ। टीआई नेपालले भ्रष्टाचार नियन्त्रणका लागि राजनीतिक इच्छाशक्ति, कानुनको पूर्ण कार्यान्वयन, स्वतन्त्र न्यायपालिका, पारदर्शी प्रशासन र नागरिक सहभागिता सुदृढ गर्नुपर्नेमा जोड दिएको छ। टीआईले विश्वभर व्याप्त भ्रष्टाचारको अवस्थाको मूल्याङ्कन गर्दै तयार पारेको सूचकाङ्कमा यस वर्ष १८२ देश समेटिएका छन्।

विश्वव्यापी औसत अङ्क गत वर्षको तुलनामा एक अङ्कले घटेर ४२ मा झरेको छ। सूचकाङ्कअनुसार १०० अङ्क अत्यन्त पारदर्शी र ० अङ्क अत्यधिक भ्रष्ट अवस्थालाई जनाउँछ। एक दशकअघि सूचकाङ्कमा ८० भन्दा बढी अङ्क प्राप्त गर्ने देशको सङ्ख्या १२ रहेकामा सन् २०२५ मा घटेर पाँचमा सीमित भएको छ। टीआईका अनुसार सन् २०१२ यता ५० भन्दा बढी देशमा भ्रष्टाचार नियन्त्रणको अवस्था कमजोर बन्दै गएको देखिन्छ भने सुधार देखाउने देशको सङ्ख्या ३१ मात्रै रहेको छ। समग्रमा विश्वका दुईतिहाइ देशले ५० भन्दा कम अङ्क प्राप्त गरेका छन्।

सूचकाङ्कमा डेनमार्क लगातार आठौँ वर्ष पनि सबैभन्दा कम भ्रष्टाचार हुने मुलुकका रूपमा ८९ अङ्कसहित शीर्ष स्थानमा छ। दक्षिण सुडान र सोमालिया समान नौ अङ्कका साथ सबैभन्दा बढी भ्रष्टाचार हुने मुलुकको सूचीमा छन्। टीआई नेपालका अध्यक्ष मदनकृष्ण शर्माले नेपालको अङ्क गत वर्षजस्तै यस वर्ष पनि ३४ मा स्थिर रहनु सरकारहरूद्वारा भ्रष्टाचारविरुद्ध ठोस काम हुन नसकेको सङ्केत भएको बताउनुभयो। छवटा अन्तर्राष्ट्रिय संस्थाबाट सन् २०२५ को अगस्तसम्मका सुशासनसम्बन्धी तथ्याङ्कलाई आधार मानेर नेपालको मूल्याङ्कन गरिएको हो।


अध्यक्ष शर्माका अनुसार नेपालमा भ्रष्टाचारकै कारण देशले ठूलो धनजनको क्षति व्यहोर्नु परेको, सुशासन कमजोर बनेको र नागरिकमा असन्तोष बढेको अवस्था छ। उहाँले भन्नुभयो, "यही पृष्ठभूमिमा हालै देखिएका जेनजी तथा युवा आन्दोलनहरू भ्रष्टाचारविरुद्ध केन्द्रित थिए। भ्रष्टाचार नियन्त्रणका लागि राजनीतिक नेतृत्वको दृढ प्रतिबद्धता, कानुनको पूर्ण कार्यान्वयन, अन्तर्राष्ट्रिय प्रतिबद्धता पालना र नियमनकारी निकाय सुदृढीकरण अपरिहार्य छ।"

पूर्वअध्यक्ष पद्मिनी प्रधानाङ्गले आगामी निर्वाचनमार्फत भ्रष्टाचारमा संलग्न नहुने, इमानदार र प्रतिबद्ध नेतृत्व चयन गर्नु आजको आवश्यकता रहेकोमा जोड दिनुभयो। टीआई नेपालका महासचिव सागरराज शर्माले नेपाल भ्रष्टाचार निवारणको क्षेत्रमा सफल हुन नसकेको उल्लेख गर्दै आगामी दिनमा भ्रष्टाचार निवारणका लागि सबै क्षेत्रबाट पहल गर्न आवश्यक रहेकोमा जोड दिनुभयो। *रासस*

## खाद्यान्नमा मिसावटका अभियोगमा व्यापारीविरुद्ध मुद्दा

वाग्मती, २७ माघ। खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय हेटौँडाले खाद्यान्नमा मिसावटका अभियोगमा १९ व्यवसायीविरुद्ध मुद्दा दायर गर्ने तयारी गरेको छ। सो कार्यालय र मातहतका विभिन्न डिभिजन कार्यालयबाट गरिएको अनुगमन तथा सङ्कलित नमुनाको परीक्षणबाट देखिएको कैफियतका आधारमा ती व्यवसायीविरुद्ध मुद्दा दायर गर्न लागेको हो।

कार्यालय प्रमुख बिनिता पोखरेलका अनुसार चालु आर्थिक वर्ष २०८२/८३ को हालसम्ममा गरिएको अनुगमन तथा सङ्कलित नमुनाको परीक्षणबाट देखिएको कैफियतका आधारमा व्यवसायीविरुद्ध खाद्य स्वच्छता तथा गुणस्तर ऐनअन्तर्गत मुद्दा दायर गर्न अनुसन्धान भइरहेको छ। उहाँले भन्नुभयो, "कैफियतका आधारमा सरकारी वकिल कार्यालयहरूसँग समन्वय गरी मुद्दाको अनुसन्धान गरिरहेका छौँ। जेन-जी आन्दोलनका कारण अदालतमा मुद्दा दर्ता हुनसकेको छैन, अब केही दिनभित्रै हामी मुद्दा दायर गर्छौँ।" उक्त गुञ्जेको सामान बिक्री गर्ने व्यवसायीविरुद्ध सम्बन्धित जिल्लाका जिल्ला अदालतमा मुद्दा दायर गरिने प्रमुख पोखरेलले




जानकारी दिनुभयो। आव २०८२/८३ को हालसम्म सो कार्यालयले २४५ नमुना विश्लेषण गर्दा २०० खानयोग्य र पाँचवटा होल्डमा राखिएको प्रमुख पोखरेलले बताउनुभयो।

कार्यालयले अघिल्लो आव २०८१/८२ मा ४४ जना व्यापारीविरुद्ध मुद्दा दायर गरेको थियो।

अनुगमनका क्रममा सङ्कलन गरिएको नमुना परीक्षणको क्रममा स्वास्थ्य प्रतिकूल हुनेगरी मिसावट गर्ने, म्याद

सो अवधिमा ३६५ नमुना परीक्षण गर्दा १६ नमुना प्रतिकूल देखिएकोले नियमानुसार कानुनी प्रक्रिया अघि बढाउने, पुन: जाँच गराई मापदण्डअनुरूप सुधार गर्न लगाउने तथा व्यवसायीलाई सजग गराई प्रतिबद्धता गर्न लगाइएको प्रमुख पोखरेलको भनाइ छ।

सो अवधिमा गरिएको अनुगमन, निरीक्षण तथा न्यायिक निकायबाट फैसला कार्यान्वयनको क्रममा उपभोग्य अवधि समाप्त भएका, लेबल विवरण नभएका, सडेगलेकालगायत अखाद्य भएका रु. एक लाख दुई हजार २६५ मूल्य बराबरको ३११ किलो वस्तुहरू जफत गरी नष्ट गरिएको प्रमुख पोखरेलको भनाइ छ।

हालसम्म १२१ खाद्यान्न बजार, १०० खाद्य तथा दाना उद्योग र ५६ वटा होटल तथा रेस्टुराँको निरीक्षण अनुगमन गरिएको जनाएको छ। सो कार्यालयले चालु आव २०८२/८३ को हालसम्म विभिन्न शीर्षकमा रु. १० लाख चार हजार ३७० राजस्व सङ्कलन गरेको छ। *रासस*

**। सम्पादकीय ।**

# राजनीति र साहित्य जनताकेन्द्रित हुनुपर्छ

हरेक राजनीतिक दलले देश र जनतालाई केन्द्र मानेर राजनीति गर्नुपर्छ । राजनीति देश र जनताको निम्ति गर्ने हुँदा राजनीति जनताकेन्द्रित हुनुपर्छ भनिएको हो । राजनीति बहुमत जनताको हितमा हुनुपर्छ । त्यस्तै, कुनै लेखक, कथाकार, कवि, कलाकारले रच्ने लेख, कथा, कविता र गीत पनि व्यापक जनताको हितमा हुनुपर्छ । त्यस्तो साहित्यलाई जनसाहित्य भनिन्छ । जनताको सेवा या हितमा लेखिएको साहित्य नै जनसाहित्य हो । जनसाहित्य जनताले बुझ्ने शैलीमा लेखिएको हुन्छ । बहुमत जनताको विरोधमा, बहुमत जनतालाई हानि हुने या उनीहरूको श्रम र सीपमा रजाइँ हुने गरी लेखिएको साहित्य जनसाहित्य हुनेछैन । साहित्यकारहरूको साहित्य उच्च विचारको हुनुपर्छ । यस्ता कृतिकार या साहित्यकार जनतामाझ प्रिय हुन्छ ।

साहित्यमा निबन्ध, कथा, उपन्यास, नाटक र काव्य या पद्यको शैली फरक-फरक हुन्छ । समग्रमा, यी सबै साहित्यमा परे पनि विधा फरक-फरक हुने हुँदा शैली फरक-फरक हुनु स्वाभाविक हो । हृदय छुने कलात्मक उपादेयताले परिपूर्ण रचनाको स्वाद छुट्टै हुन्छ । भनिन्छ, विचारशून्य कृति त सुन्दर मुर्दा मात्र हो । साहित्यमा कलाको प्रयोजन कलाको निम्ति होइन, त्यो त विचारमार्फत मानव समाजलाई सही बाटोमा लैजाने एउटा सुन्दर प्रयोजन हो । प्रगतिशील साहित्यकारहरू कृतिमा विचारमात्र होइन कला पनि आवश्यक भएको ठान्छन् । कृतिमा कला पक्ष भएन भने त्यो प्रचार सामग्रीमात्र हुन्छ भन्ने साहित्यकारहरूको कथन छ । तर, उनीहरू उच्च भावना र विचारबाट कहिले अलगिँदैनन् ।

जनताले बुझ्ने साहित्य लेख्नुपर्छ भन्नेमा दुईमत छैन । साहित्यमा कला पक्ष पनि चाहिन्छ । साहित्यमा कला भनेको सौन्दर्य पक्ष हो; यसले मन लोभ्याउँछ । जनताले बुझ्ने शैलीमा लेख्नुपर्छ भनेर कला छोडेमा त्यो यथार्थमा साहित्य हुनेछैन । कति साहित्य बुझिनसक्नु हुन्छ; सर्वसाधारणलाई अर्थ्याउन कठिन हुन्छ । कति साहित्य क्लिष्ट हुन्छ । शब्दार्थ बुझ्न पनि कठिन हुन्छ । साहित्यमा कता कता हिन्दी, उर्दु, फारसीजस्ता शब्दको प्रयोगले अर्थ बुझ्न धौ धौ हुन्छ । साहित्यमा प्रयोग हुने बिम्ब, अलङ्कार या प्रतीकले पनि बुझ्न गाह्रो हुन्छ । सकेसम्म साहित्यमा प्रयोग हुने प्रतीक या अलङ्कारहरू पनि समाजमा भिजेकै या जनसाहित्यमा चलेकै प्रयोग गर्दा जाती हुन्छ । सकेसम्म देशीय जनभाषाको शब्दको प्रयोग भए साधारणले बुझ्नेछन्; साधारणले बुझ्ने शैलीमा साहित्य रच्नु साहित्यकारको गुण हो ।

केही दिनपहिले भनपा वडा नं. १० मा प्रगतिशील गीत प्रतियोगिता भयो । नेपाल मजदुर किसान पार्टीको ५२ औं स्थापना दिवसको अवसरमा स्थानीय पार्टी समितिद्वारा आयोजित सो प्रगतिशील गीत प्रतियोगितामा प्रस्तुत गीतहरू जनताकै पक्षमा छन् । जनता बिउँझाउने, अन्याय-अत्याचार सहेर बस्न नहुने, जनताको स्वतन्त्रता, मुक्ति र देशको सार्वभौमसत्ता जोगाउनको निम्ति सङ्घर्षरत दल र दलका उम्मेदवारहरूलाई निर्वाचनमा जिताउनुपर्ने आवाज गीतमार्फत व्यक्त भएको छ । देशविरोधी, विदेशी शक्ति राष्ट्रको उठबसमा चल्ने, भ्रष्टाचार, अनियमितता गरेर अकुत सम्पत्ति कुम्ल्याउने भ्रष्टाचारीहरूलाई नेपाली जनताले निर्वाचनमा चिनेर हराउनुपर्ने सन्देश गीतमा पाइन्छ । यस अर्थमा उक्त प्रतियोगिताको निम्ति गीत रच्ने सबै रचनाकारहरूप्रति नमन छ । उक्त प्रतियोगिताले जनतामा राम्रो सन्देश छरेको छ । प्रतियोगितामा भाग लिएर गीत गाउने गायक, बाजा बजाउने वाद्यवादक र साथ दिने सबै सहयोगीहरू धन्यवादका पात्र हुन् ।

कति साहित्य मार्क्सवादी नहुन सक्छ तर जनताको हृदयमा छोएको हुन्छ । कति विचारमा सत्यता हुन्छ तर जनताको हृदयमा नछोएको हुन्छ । कुनै कृति प्रगतिशील भए पनि नाराबाजी हुन्छ, साहित्यमा हुनुपर्ने गुण या रस हुँदैन । अनि त्यस्तो साहित्य सिद्धान्तको बखानको थुप्रो हुन्छ । कति साहित्य उद्देश्यमूलक नै हुन्छ । त्यस्तो साहित्यमा सिद्धान्त, विचार र कला पक्ष पनि हुन्छ । साहित्य, गीत वा काव्य समाजबाटै सिर्जित हुन्छ । यसकारण, साहित्य वा काव्यमा सिद्धान्त र विचार भिजेकै हुनुपर्छ । हो, विचार नै साहित्य होइन न त सबै साहित्य नै विचार हुन्छ । तर, साहित्यमा चमत्कारपूर्ण विलक्षणता हुनु कविको मात्र होइन काव्यको गुण पनि हो ।

समाजबाट साहित्य वा काव्य कहिले पनि अलग्ग हुनसक्दैन । यसैले साहित्य यथार्थवादी हुन्छ भनिएको हो । तर, यथार्थवादी साहित्य सबै प्रगतिशील हुँदैन । जनतामाझबाट हुर्केको, भिजेको साहित्य मार्मिक हुन्छ । समाजकै चित्रण गरिएको हुन्छ । यसैले प्रगतिशील साहित्यकारहरू भन्ने गर्छन्, कवि नेताभन्दा प्रभावशाली हुन्छन् । किनभने, नेताको भाषामा सिद्धान्तमात्र हुन्छ भने कविको भाषामा सिद्धान्त सँगसँगै सौन्दर्य पनि हुन्छ । साहित्यमा प्रयोग हुने सुमधुर शब्द, भाषा, सुन्दर शैली, विभिन्न रस र अलङ्कारले जनताको मन जित्न सजिलो बनाउँछ र त्यो प्रभावकारी हुन्छ । थोरै शब्दमा धेरै कुरा बताउने, कम समयमा धेरै सन्देश बाँड्ने काम साहित्यले गर्छ । अतः सिर्जना गरिएको साहित्यमा जनताको पीडा, मन, विचार, सिद्धान्त सँगसँगै कला या आभूषण पनि हुनुपर्छ । आभूषण साहित्यको कला हो । यसले स्वाभाविकता बढाउँछ । भदौ २४ गते आयोजित प्रगतिशील गीत प्रतियोगिता त्यस्तै मन छुने सन्देशमूलक कार्यक्रम हो; जनताको पीडा पोखेको, जनताको विचार बोकेको उक्त प्रतियोगिता उच्च भावना बोकेको बोधगम्य छ ।

# तिब्बत : धर्मतन्त्र अल्पतन्त्र बचाउने ज्यावल

मानव समाजमा विभिन्न सामाजिक तहहरू विकसित भएदेखि नै धर्म र राजनीतिको नजिकको सम्बन्ध रहँदै आएको छ ।

मानवले आफ्नो क्षमता र प्रकृतिको विशालताका अघि आफ्नो छुद्रता महसुस गरेपछि उत्पन्न विश्वास र परम्पराहरू नै धर्म हो । यो धर्म वास्तवमा वर्गीय समाजको केही समूहको स्वार्थसँग जोडिएको हुन्छ । प्रायः शासक वर्गले साधारण जनतालाई गरेको शोषण लुकाउन धार्मिक चमत्कारको कुरा गरिन्छ ।

धर्मप्रतिको मोह शासकवर्गले आफ्नो फाइदाको लागि गरेको उक्साहटको परिणाम हो ।



भूमिसुधारभन्दा पहिले दलाई लामा आफ्नो पद र वर्गको निम्ति चीनविरोधी देखापरेन, १९५४ मा उनी माओ त्सेतुङको दायाँ बसेका थिए ।

बहुसङ्ख्यक जनतामाथि अल्पसङ्ख्यकले शोषण गर्ने 'प्रशासनिक शक्ति' औजार बन्न छोडेपछि मात्रै मानवले साँचो अर्थमा स्वतन्त्रताको प्रत्याभूति पाउँछ र त्यो अवस्थामा मात्रै धर्म मान्यता र विश्वासको कुरा बन्ने गर्छ । त्यही अवस्थामा मात्रै धर्मले आफ्नो साँचो अर्थ र उत्साह प्राप्त गर्छ ।

१४ औं दलाई लामा र उनका समर्थकहरूले आफूहरू तिब्बतमा धार्मिक शासन पुनःस्थापना गर्नका लागि नभई तिब्बती जनताको सुखका लागि सङ्घर्ष गरिरहेको बताउँदै आएका छन् । तर यो दाबीमाथि प्रशस्त प्रश्न उठाउन सकिन्छ ।

उनीहरूले दशकौँअघि तिब्बतले भोगेको धार्मिक शासन व्यवस्थालाई युगलाई फर्काउन सक्दैनन् - यो साँचो हो । तर, के उनीहरू साँच्चै तिब्बती जनताको भलाइका लागि सङ्घर्ष गरिरहेका हुन् त ? धार्मिक शासन स्थापना गर्ने लक्ष्य के उनीहरूले छोडेका हुन् त ? तर वास्तविकता नकारात्मकमात्रै देखिन्छ ।

विखण्डनवादीहरू अझै पनि धार्मिक शासन स्थापना गर्ने सपना साँचेर बसेको कुरा हालैका घटनाहरूले देखाएका छन् । सानो समूहको सुविधाका लागि धेरै जनताका स्वार्थलाई बलि चढाउने काम हो त्यो । दलाई लामा आफै पनि सधैं आफ्ना राजनैतिक क्रियाकलापलाई धर्मको खोलले छोप्ने गर्छन् । धेरै अवस्थाहरूमा उनको लागि धर्म भनेको राजनैतिक उद्देश्य प्राप्तिको ज्यावलमात्रै भएको छ ।

तिब्बतको विगतमा भएको धार्मिक शासनलाई स्थानीय जनताले निन्दा र विरोध गरेका थिए । अहिलेको आधुनिक चीनमा त्यसलाई पुनःस्थापित गर्नु असम्भव छ ।

राजनीति र धर्मको विभिन्न सम्बन्धहरूमध्येको एक - धर्मतन्त्र भनेको धार्मिक शक्ति र धर्म निरपेक्षताको संयोजन हो कतिपय अवस्थामा त यी दुवै शक्तिहरू एकै जना व्यक्तिमा निहित हुन्छ ।

अरु अवस्थामा भने यी दुइटा शक्ति शासक वर्गको दुई भिन्न-भिन्न समूहमा बाँडिएको हुन्छ । तिब्बतको इतिहासमा कुनै एक धार्मिक पन्थ वा गुम्बाले धर्ममा दुवै शक्ति प्रयोग गर्ने उदाहरण छ । जस्तैः- तिब्बती बौद्ध धर्ममा गेलुग पन्थ (Gelug sect) ले अरु पन्थहरूलाई शासन गर्ने गर्थ्यो । त्यस्तै गान्सु प्रान्त (Gansu Province) को गान्नान इलाका ( Gannan) का अरु गुम्बा (Labrang Monastery) ले नियन्त्रण गर्थ्यो ।

धर्मतन्त्र वा धार्मिक सत्तामा यो दुवै शक्तिको सम्बन्ध राम्रो हुन्छ । कुनै बेला धार्मिक शक्तिभन्दा नागरिक शक्ति बलियो हुन्छ त कहिले धार्मिक शक्ति बलियो । दुवै अवस्थामा एक-अर्काको फाइदाका लागि यी दुवै एकगठ हुने गर्छन् ।

कुनै विशेष खालको धर्मतन्त्रले भगवान्लाई मुख्य शासक मानेको हुन्छ र अरु धर्मलाई मान्यता दिँदैन भने अरु देशहरूमा विभिन्न धर्महरूलाई मान्यता दिइए पनि सत्तामा भने कुनै एक मुख्य धर्मको प्रभाव रहन्छ । यो अवस्थामा सरकारमा धार्मिक परम्पराहरूको केही अवशेषमात्र बाँकी रहन्छ ।

कुनै पनि सरकारले आफ्ना सम्पूर्ण जनताको भलाइका लागि काम गरेको खण्डमा मात्रै उसले साँचो अर्थमा धार्मिक स्वतन्त्रता दिनसक्छ र यही अवस्थामा मात्र धर्म अरु केही नभई विशुद्ध व्यक्तिगत आस्था र विश्वासको रूपमा रहने गर्छ ।

धेरै देशहरूमा विकास र सुखमा समान अधिकार पाउने कुरा अझै सपना नै भए पनि कुनै व्यक्ति वा समूहको सुखका लागि अरुको बलि दिन सकिन्न ।

दलाई लामा र उनका समर्थकहरूले ऐतिहासिक तथ्यहरूको विरोधमा निकै क्रियाकलापहरू गरेका छन् । तिब्बती इतिहासकै अँध्यारो र क्रूर व्यवस्था धर्मतन्त्र वा धार्मिक सत्तालाई उनीहरू पुनःस्थापना गर्न चाहन्छन् र मानव जीवनको मूल्यलाई बेवास्ता गर्दैछन् । उनीहरूले भड्काएको हिंसाले उनीहरूको साधारण जनताप्रतिको हेपाहा प्रवृत्तिमात्रै उजागर गर्दैन बरु ती कार्यहरू पश्चिमी विश्वले वकालत गर्ने गरेको आदर्श प्रजातन्त्र र स्वतन्त्रताको पनि विरोध कार्य हुन् । साथै हाम्रो देशमा रहेको व्यापक विकासको नीति र जनताको स्वतन्त्रताको पनि विरोधमा यी कार्यहरू भएका छन् ।

ल्हासामा १४ मार्चको दिन भड्काइएको हिंसा १४ औं दलाई लामाको शान्ति आह्वानसँग बाझिएको छ ।

ती हिंसाका घटनाले मानव व्यवहारविरुद्ध धार्मिक सत्ता (धर्मतन्त्र) कसरी लाग्छ भनी प्रस्ट पारेको छ ।

साँच्चै आफूले दाबी गरेझैं दलाई लामा तिब्बती जनताको हित चाहन्छन् भने तिब्बतमा बौद्ध धार्मिक सत्ता स्थापना गर्ने सपना उनले त्याग्नुपर्छ, विखण्डनवादी क्रियाकलाप रोक्नुपर्छ र तिब्बती जनताको जीवनस्तर उकास्न योगदान दिनुपर्छ । आफ्ना अनुयायीहरूप्रति एक धार्मिक व्यक्तित्वले गर्नुपर्ने कर्तव्य यिनै हुन् ।

इतिहास र वर्तमान यथार्थ दुवैले एउटै कुरा



अमेरिकी राष्ट्रपति बुश उनका नयाँ मित्र हुन् । उनीहरू माथिबाट केही आशा गर्छन् ।

प्रमाणित गर्छ - तिब्बतमा धार्मिक सत्ताले नयाँ जरा गाड्ने आश गर्न सकिन्न ।

*Tibet: theocracy is a tool to ensure minority rule–Zhongbu, Cirenduojie and Lan Guahua Tibet Academy of Social Sciences–China daily/The New Worker, 9 May '08]*

**प्रस्तुति : सुवेग**
**स्रोत: तिब्बत उपद्रव र यथार्थ**

## "तिब्बतको उपद्रवमा अमेरिकी र बेलायती साम्राज्यवादको हात छ"

नेपाल मजदुर किसान पार्टीले तिब्बत चीनको अभिन्न अङ्ग र स्वशासित क्षेत्र हो, हालै तिब्बतमा दलाई लामाका समर्थकहरूले मच्चाएको उपद्रवलाई पश्चिमी सञ्चारसाधनहरूले 'तिब्बतमा विद्रोह' भनी झूटो प्रचार गरेको जनाएको छ ।

नेमकिपाले जेठ २ गते जारी गरेको विज्ञप्तिमा सो कुरा जनाइएको हो ।

विज्ञप्तिमा भनिएको छ, 'यो उपद्रवमा अमेरिकी र बेलायती साम्राज्यवादीहरूको हात रहेको प्रस्ट छ ।'

'दलाई लामा तिब्बती जनता र प्रजातन्त्रको लागि सक्रिय भएको होइन बरु अमेरिकी गुप्तचर विभागद्वारा नियोजित चीनविरोधी गतिविधिमा लागेका हुन्' विज्ञप्तिमा उल्लेख गरिएको छ ।

विज्ञप्तिमा भनिएको छ, 'सन् १९४९ को चिनियाँ क्रान्तिपछि समाजवादी व्यवस्थाले गरेको भू-दास मुक्ति र सामन्तवादविरोधी नीतिको कारण पश्चिमी साम्राज्यवादीहरूले दास-मालिकहरूलाई उक्साएर हैकम जमाउन तिब्बतमा उपद्रव गराएको नेपाल मजदुर किसान पार्टीको ठहर छ ।'

नेमकिपाले 'तिब्बतको स्वतन्त्र' आन्दोलनको नाममा अमेरिकी, बेलायती र अन्य साम्राज्यवादीहरूले भारतमा निर्वासित दलाई लामालाई उक्साएर चीनको सार्वभौमिकतामाथि गरेको हस्तक्षेपकारी कार्य तत्काल रोक्न आह्वान गरेको छ ।

## नेपाल-चीन मित्रता खलबल्याउने षड्यन्त्रलाई उदाङ्ग्याऔं !

तिब्बती शरणार्थीहरूले 'स्वतन्त्र तिब्बत' को नाउँमा चिनियाँ दूतावासको अगाडि एक-डेढ महिनादेखि प्रदर्शन गर्दै नेपाल र चीनको सम्बन्ध खलबल्याउने जालसाजी गरिरहेका छन् । तर, ती शरणार्थीहरू न 'स्वतन्त्र तिब्बत' को उद्देश्य राख्छन् न त तिनीहरू 'स्वतन्त्र' नै छन् ।

दलाई लामाका ती समर्थकहरू तिब्बतका दास-मालिक र सामन्तहरू वा तिनीहरूका पिछलग्गूहरू हुन् । तिनीहरू संरा अमेरिकी साम्राज्यवाद र नाटो (NATO) युरोपेली साम्राज्यवादीहरूद्वारा पालित र पोषित हुन् । ती साम्राज्यवादीहरू दलाई लामा र तिब्बती दास-मालिक र सामन्तहरूलाई उक्साएर समाजवादी चीनको विरोधमा उपद्रव गराउने षड्यन्त्र गर्दै छन् । पश्चिमी साम्राज्यवादीहरू जसरी सोभियत सङ्घलाई र पूर्वी युरोपेली समाजवादी देशहरूमा बेला-मौकामा अनेक निहुँमा एकातिर उपद्रव गराउन चाहन्छन् र अर्कोतिर पैसाको खोलो बगाएर व्यापारीहरू, कूटनैतिक व्यक्तिहरू, गुप्तचरहरू वा पैसामा विकिने साधारण नागरिक होइनन्, हुल्याहाहरूलाई हातमा लिन्छन्; लोभ-लालच र डर-धम्की दिएर साधारण मानिसहरूको मन बिगार्छन्, एकले अर्को पदमा बसेका पदाधिकारीहरूमाझमा भ्रम फैलाई झगडा लगाउँछन् ।

त्यस्तै 'मन्त्रयुद्ध' र कुटिल राजनीतिले सोभियत सङ्घ र पूर्वी युरोपेली समाजवादी देशहरूमा समाजवादलाई पतन गराइयो, कम्युनिस्ट र मजदुर पार्टीहरूलाई भङ्ग गराइयो र देशलाई टुक्रा-टुक्रा पार्न दिइयो ।

त्यही सूत्र आज साम्राज्यवादीहरूले समाजवादी चीनको विरोधमा लागू गर्दै छन् । तिनीहरूले तिब्बत र छिरच्याङजस्ता स्वायत्त प्रदेशहरूमा जातीय असन्तोष फैलाएर 'मानव अधिकार', 'प्रजातन्त्र', 'खुला नीति' र 'भूमण्डलीकरण' जस्ता मीठा-मीठा शब्द र उद्देश्यमार्फत नयाँ-नयाँ साम्राज्यवादी र उपनिवेशवादी जालहरू फैलाउँदै छन् ।

सोभियत सङ्घ र पूर्वी युरोपेली देशहरूमा अनेक गैरसरकारी संस्था (INGO) हरूले डलर र अनेक जालसाजी गरेर राजनैतिक, आर्थिक र सामाजिक बन्दोबस्त छिन्नभिन्न पारे । आज त्यही कुरा चीनमाथि लागू गर्दै छन् । तिनीहरू तिब्बतमा उपद्रव गराउँछन् र अन्य स्वायत्त प्रदेशहरूमा नयाँ-नयाँ षड्यन्त्र र उपद्रवको तानावाना बुन्दै छन् । त्यस्तै काठमाडौँ र अन्य देशका राजधानीहरूका चिनियाँ दूतावासहरू र संरा अमेरिकामा संयुक्त राष्ट्रसङ्घको कार्यालय तिब्बती शरणार्थीहरूको गतिविधिमा ध्यानाकर्षित गर्दै छन् ।

ती गतिविधिहरूका दुई उद्देश्य छन्, समाजवादी चीनको बदनाम गर्नु र चीन तथा संसारको ध्यान बाहिर आकर्षित गरेर चीनभित्र चीनविरोधी गतिविधिको सङ्गठन गराउनु । काठमाडौँमा २-३ महिना अगाडिदेखि नै 'स्वतन्त्र तिब्बत' को गञ्जी र टोपी बाँडेर साम्राज्यवादीहरूले तथाकथित नेपाल मानव अधिकारवादीहरूलाई समेत 'डलर' दिएर गतिविधि गराउँदै थिए । अब नेपाली जनताले साम्राज्यवादीहरूको नेपाल र चीनको सुमधुर सम्बन्धलाई बिगार्ने षड्यन्त्रलाई उदाङ्ग्याउनु आवश्यक छ । त्यसको विरोध गर्न नेपाली जनताले सचेत पार्नु आवश्यक छ ।

*(श्रमिक साप्ताहिक-सम्पादकीय/२०६५ जेठ ७ बाट)*

# भक्तपुरमा आन्दोलन, राजनीति र रूपान्तरण – १

● सुरेश ढकाल, सञ्जीव पोखरेल





**परिचय**

"चिन्तनशील र प्रतिबद्ध नागरिकहरूको सानो समूहले संसार फेर्न सक्छ ।"

*मार्गरेट मीड, मानवशास्त्री ।*

नेपाली इतिहासको तुलनात्मक रूपमा छोटो अवधिमै जनताले धेरै राजनीतिक परिवर्तनहरू देखेका छन् । २००७ सालको राजनीतिक क्रान्ति सबै महत्त्वपूर्ण राजनीतिक परिवर्तनको माउ बन्यो । यसले शताब्दी लामो राणा शासन अन्त्य गऱ्यो । देशमा बहुदलीय व्यवस्था स्थापना भयो । सन् १९६० मा राजा महेन्द्रले भर्खरै स्थापित बहुदलीय व्यवस्था अन्त्य गरे र त्यसको ठाउँमा शासनको आफ्नै मोडल लागु गरे । यो मोडललाई पञ्चायती व्यवस्था भनियो । पञ्चायती व्यवस्था राजालाई आफ्नो इच्छाअनुसार शासन गर्ने गरी तयार गरिएको थियो । यो व्यवस्थाले साधारण जनतालाई राजनीतिक प्रक्रियाबाट टाढा राख्यो । २०४६ सालको जनआन्दोलनपछि यो व्यवस्थाको पनि पटाक्षेप भयो । आन्दोलनबाट देशमा पुन: बहुदलीय व्यवस्था स्थापित भयो ।

प्रत्येक राजनीतिक रूपान्तरणले नेपाली जनतालाई सामाजिक प्रगति र समृद्धिको आशा दियो । तर, राजनीतिक परिवर्तनबाट स्थापित भएका कुनै पनि सरकारले नेपाली समाजमा अन्तरनिहीत असमानताप्रति पर्याप्त ध्यान दिन सकेनन् । परिणाम, शासन व्यवस्थामा परिवर्तन आए पनि नेपाली जनताले भोगिरहेका समस्याहरू ज्यूँका त्यूँ रहे । २०४७ सालमा देशमा बहुदलीय प्रजातन्त्रको पुनर्स्थापना भए पनि गरिबी र अभावको परम्परागत संरचना फेरिएन । बहुमत नेपालीको दैनिक जीवन गरिबी र अभावको चपेटामा परिरह्यो । तल्ला जाति, महिला, जनजाति आदि पदानुक्रममा आधारित परम्परागत व्यवस्थामा पिल्सिइरहे । उनीहरूलाई जानाजान र संरचनात्मक रूपमै राजनीतिक प्रक्रियाबाट बाहिर राखियो; यसरी त्यस प्रक्रियाले दिन सक्ने आर्थिक र सामाजिक अवसरहरूबाट बाहिर राखियो (लावती, २००५) । सामाजिक प्रगति र समृद्धि हासिल गर्नका निम्ति सामाजिक र आर्थिक रूपान्तरणको प्रक्रियामा जनतालाई सहभागी बनाउने वातावरणलाई नै प्रजातन्त्र मान्ने हो भने नेपाली जनताले अहिलेसम्म प्रजातन्त्रको अनुभूति गर्न पाएका छैनन् भन्न सकिन्छ (पान्डेय, १९९९) । राजनीतिक प्रक्रियामा जनसहभागिताको अभाव यो समस्याको एउटा सम्भावित कारण हुनसक्छ । नेपालका राजनीतिक दल र सरकारहरू जनतालाई राजनीतिक प्रक्रियामा सहभागी बनाउने सवालमा गम्भीर देखिँदैनन् । ढकाल (२००४) ले तर्क गरेजस्तै, प्रजातान्त्रिक व्यवस्थाको पुनर्बहालीपछि समेत जनताका आकाङ्क्षा, चाहना र प्राथमिकता सुन्ने जमर्को कुनै पनि राजनीतिक दलले गरेका छैनन् । सामाजिक रूपान्तरणको प्रक्रियामा सरकार विज्ञतन्त्र र कमर्चारीतन्त्रको ज्ञानमाथि निर्भर भयो । यसले गर्दा विपन्न र वञ्चित तप्काका नेपालीहरूको जीवनमा उति बदलाव आएन, अझ भनौँ तिनलाई घाटा लाग्यो । परिणाम, बहुमत जनता सरकार र राजनीतिक दलका क्रियाकलापप्रति अत्यन्त रुष्ट देखिए । यसबाट तिनको वैधानिकतामाथि गम्भीर सङ्कट पैदा भयो ।

यो सङ्गीन अवस्थामा समेत भक्तपुर नगरपालिकालाई अपवाद मान्नुपर्छ भन्ने हाम्रो तर्क छ । *(उपरान्त भक्तपुर नगरपालिकालाई जनाउन 'भक्तपुर' मात्र प्रयोग गरिनेछ । अनु.)* 'भक्तपुर' ले एउटा विशिष्ट उदाहरण प्रस्तुत गर्छ । 'भक्तपुर' मा स्थानीय सरकारले जनतालाई सामाजिक र आर्थिक रूपान्तरणको प्रक्रियामा सक्रिय रूपमा सहभागी बनाउन अवसरहरू दिलाउने संयन्त्रको काम गर्छ *(हाछेथु २००४, बराल २००४, ग्रीभ २००२)* । अर्को शब्दमा, 'भक्तपुर' का जनताले सामाजिक संस्था वा थिति स्थापित गरेका छन् । ती थितिमार्फत उनीहरूले आफ्ना चाहना, अपेक्षा र ज्ञानबारे छलफल गर्छन् र तिनलाई प्राथमिकतामा राख्छन् । यो प्रक्रिया उनीहरूको सामाजिक योजना निर्माणको हिस्सा हो । यस्तो संस्था वा थिति कसरी बसालियो भन्ने कथा आफैमा चाखलाग्दो र महत्त्वपूर्ण छ ।

यो अध्ययनले साझेदारी, समुदाय, राजनीतिक नेतृत्व र व्यवस्थापकीय अभ्यासको कथा भन्ने प्रयत्न गर्नेछ; राजनीतिक इच्छाशक्ति हुन्छ भने कसरी शासकीय सङ्कट बढिरहेको र राजनीतिक संस्थाहरू क्षीण भइरहेको शासन व्यवस्थाभित्रै पनि सुशासन सम्भव छ भनी देखाउनेछ । परम्परागत नगरी भक्तपुर रूपान्तरणको अध्ययन गरेर हामीले प्रजातन्त्रसम्बन्धी विमर्शलाई जटिल र समाधान पर्खिरहेको प्रश्नको रूपमा पेस गर्न खोज्ने छौँ । ताकि, प्रजातन्त्रको मिहीन भाषणबाजीभन्दा पर देख्न सकियोस् र फरक निष्कर्ष निकाल्न सकियोस् ।

राजनीतिक प्रक्रिया र फोहर व्यवस्थापनबिचको सम्बन्धमा केन्द्रित हुँदै हामी भक्तपुर र त्यहाँका बासिन्दाको सामाजिक, सांस्कृतिक र आर्थिक रूपान्तरणमा स्थानीय सरकारको भूमिका बुझ्न खोज्नेछौँ । पेरिस सहरमा फोहर (दिसा) व्यवस्थापनको इतिहास केलाउने लापोर्ते (१९८५) को ऐतिहासिक विश्लेषणलाई पछ्याउँदै हामीले नगरको फोहर व्यवस्थासम्बन्धी बदलिँदो विमर्शमार्फत भक्तपुरको सामाजिक र सांस्कृतिक परिवर्तनहरूलाई केलाउन खोज्नेछौँ । आशा छ, यस विश्लेषणले हामीलाई भक्तपुरको राजनीतिक आन्दोलनको इतिहासमा सामाजिक रूपान्तरणका निम्ति जनसहभागिताको जग कसरी स्थापित भएको थियो भनी बुझ्ने स्थानसम्म पुऱ्याउनेछ ।

यो अध्ययन मूलत: भक्तपुरमा विभिन्न समयमा हामी आफैले गरेको अवलोकन र विसं. २०६१-६२ (सन् २००४-५) बिच गरिएका सघन स्थलगत अध्ययनहरूमा आधारित छ । हामीले केही महत्त्वपूर्ण व्यक्तित्वहरूसँग अन्तर्वार्ता लियौँ । जस्तो, हामीले नेपाल मजदुर किसान पार्टीका अध्यक्षलगायत राजनीतिक नेताहरू, भक्तपुरका प्रमुख विद्वानहरू तथा विभिन्न उमेर र पृष्ठभूमिका कतिपय स्थानीय बासिन्दासँग कुराकानी गऱ्यौँ । यसका साथै हामीले केही सान्दर्भिक साहित्यको पनि उपयोग गरेका छौँ ।



**भक्तपुर : एक बदलिँदो तस्बिर**

भक्तपुर राजधानीको कोलाहलबाट मुस्किलले १३ किलोमिटर टाढा छ । यति हुँदाहुँदै पनि भक्तपुर भन्ने बित्तिकै धेरै नेपालीको दिमागमा काठमाडौँ उपत्यकाको एउटा कुनामा रहेको परम्परागत नेवार नगरीको तस्बिर आउँछ । त्यो तस्बिरभरि साँघुरा गल्लीबिच पुराना मन्दिर र स्मारक तथा आकर्षक जात्राहरू नाच्न थाल्छन् । उदाहरणको लागि, काठमाडौँका मानिसहरू भक्तपुरे जनताले एकान्तमा परम्परागत जीवन बाँचिरहेको ठान्छन् *(ग्रीभ, २००२)* । भक्तपुरका जनताले बाँकी विश्वसँग थोरै मात्र अन्तरक्रिया गरेको उनीहरूको बुझाइ छ । उनीहरूको नजरमा भक्तपुरसँग काठमाडौँलगायत नेपालका अन्य ठुला सहरमा भइरहेका पछिल्ला परिवर्तनसँगै पाइलामा पाइला मिलाउने क्षमता छैन ।

भक्तपुरसम्बन्धी प्राज्ञिक अध्ययनहरूमा समेत भक्तपुरलाई 'बन्द' र 'नबदलिँदो' क्षेत्र भनी महिमामण्डन गर्ने प्रवृत्ति पाइन्छ । उदाहरणको लागि, भक्तपुरको विषयमा गरिएका मानवशास्त्रीय अध्ययनहरूले त्यहाँको कठोर जातीय पदानुक्रम वा अनौठा सांस्कृतिक अभ्यासहरूको वर्णन र विश्लेषण गर्छन् । भक्तपुरको जातीय अध्ययनहरूले प्राय: यसलाई एक एकताबद्ध, सजातीय र भौगोलिक रूपमा बन्द समुदायको रूपमा वर्णन गरेको पाइन्छ *(लेभी, १९९०)* । अन्य केही अध्ययनमा पनि भक्तपुरलाई औद्योगिक युगभन्दा अगाडिको उत्पादन पद्धतिले आकार दिएको उल्लेख पाइन्छ *(हाछेथु २००४ मा उद्धृत गुत्शो र कोल्भर, १९७५)* । यसका साथै, भक्तपुरसम्बन्धी मानवशास्त्रीय अध्ययनहरूमा कुचीकार, किसान, शिल्पकार, कुमाल, सङ्गीतकार लगायत उत्पीडितजनमा जोड दिने प्रवृत्ति देखिन्छ *(पेरिश, १९९७)* । यसरी, धेरै प्राज्ञिक पुस्तक तथा लेखहरूमा भक्तपुर एक अलग्गिएको समुदायको रूपमा भेटिन्छ । भक्तपुरलाई परिवर्तित जीवनभन्दा पनि परम्परागत संस्कृतिमा बढी आनन्द लिने बासिन्दाहरूको नगरीको रूपमा चित्रण गरिन्छ (हलान्ड, १९८२) । यसमा आश्चर्य मान्नुपर्दैन । भक्तपुरका स्थानीय बासिन्दासमेत काठमाडौँ र पाटनजस्ता छिमेकी सहरको दाँजोमा भक्तपुरलाई 'आधुनिक' मान्दैनन् ।

भक्तपुरे जनतालाई 'आधुनिक हुन बाँकी' को कोटीमा राख्ने प्राज्ञिक विमर्शलाई विषयानुशासनको आवश्यकता भनी बुझ्न सकिएला (मार्क्स र फिशर, १९८६) । तथापि, नेपाल पर्यटन बोर्डले आफ्नो ब्रोसरमा लेखेजस्तो भक्तपुर 'जीवित सङ्ग्रहालय' भने होइन । यो चित्रण शिक्षा, स्वास्थ्य, सरसफाइ, व्यापार, व्यवसाय तथा (सडक, टेलिसञ्चार, विद्युत्‌जस्ता) भौतिक पूर्वाधारमा भक्तपुरले हासिल गरेको उल्लेख्य प्रगतिसँग मेल खाँदैन । उदाहरणका लागि, भक्तपुरका रैथाने राजनीतिक विश्लेषक डा. कृष्ण हाछेथु भक्तपुर समयविहीन र नबदलिँदो सहर हो भन्ने विचारसँग सहमत छैनन् (हाछेथु, २००४) । भक्तपुरमा हालसालै भएका परिवर्तनबारे ग्रीभको अध्ययन (२००२) ले एक परम्परागत सहरको रूपमा भक्तपुरको रुमानी तस्बिर भ्रामक भएको औँल्याउँछ । किनभने, हामी स्थानीय जनताको आर्थिक र सामाजिक सम्बन्धमा उल्लेख्य परिवर्तन आएको देख्छौँ । भक्तपुरको पहिलो स्थलगत भ्रमणमा हामीले एक स्थानीय पुस्तक बिक्रेता लालकाजी हाडासँग कुरा गऱ्यौँ । समयक्रममा उनको ठाउँमा आएको वास्तविक परिवर्तनबारे उनीसँग प्रश्न गऱ्यौँ । उनले भने, "भक्तपुर अब फोहर रहेन । मेरो विचारमा सबैभन्दा ठुलो परिवर्तन यही हो ।"

**फोहर र पहिचानको राजनीति**

"प्रथम वर्षको अध्ययनको क्रममा मैले कुन विषयमा प्रोजेक्ट वर्क गर्ने होला भन्ने सोचमा थिएँ । अन्योल थियो । यस्तैमा काठमाडौँबाट आउनुभएकी डा. बिमला श्रेष्ठसँग त्यसबारेमा कुराकानी भयो । म भक्तपुरकी हुँ भन्ने थाहा पाएपछि उहाँले फ्याट्टै भन्नुभयो, "फोहर र दुर्गन्धित परिवेशले जनस्वास्थ्यमा पार्ने असरको बारेमा अध्ययन गर न ? आफ्नै सहरमा बसेर स्थलगत अध्ययन गर्न पनि सक्छ्यौ किनभने त्यहाँका स्थानीय बासिन्दा फोहोर वातावरणको मारमा छन् ।" भक्तपुरबारे उहाँको यस्तो बुझाइ सुनेर मन खिन्न भयो । मैले उहाँलाई भनेँ - भक्तपुर अहिले नेपालका अरू सहरभन्दा सफा छ ।"

- रमिला शिल्पकार, २०५९ सालको एसएलसी बोर्ड परीक्षामा अब्बल आउने विद्यार्थीमध्ये एक छात्रा । यो घटना उनले भरतपुर मेडिकल कलेजमा भोगेको बताइन् ।

पुस्तक बिक्रेताको भनाइ अतिरञ्जित हुनसक्छ । अर्कोतर्फ, ती डाक्टरको टिप्पणी पनि भक्तपुर र यहाँका बासिन्दाप्रतिको पूर्वाग्रह र पुरानो सोचमा आधारित हुनसक्छ । यद्यपि, यी भनाइहरूमा भक्तपुर र भक्तपुरे जनताको पहिचानसँग जोडिएको एउटा महत्त्वपूर्ण पक्ष फोहर हो भन्ने स्पष्ट झल्किन्छ ।

देशका अन्य भागका मानिसमा पनि प्राय: भक्तपुरे जनता फोहरी देखिन्छन् र तिनलाई फोहर व्यवस्थापन कसरी गर्ने भन्ने ज्ञान छैन भन्ने धारणा पाइन्छ । यसकारण, भक्तपुरे जनताले मलमूत्र, घरायसी फोहर, पशुको रगत आदि सडक, चोक, भेटघाट स्थलजस्ता सार्वजनिक स्थानमा फाल्छन् भन्ने आम बुझाइ छ । हाम्रो तर्क के भने, 'फोहर' वा 'दुर्गन्धित' भक्तपुरको आम तस्बिरकै कारण नगर र नगरबासीलाई 'नबदलिने' वा 'अलग्गिएको' भन्नुपर्ने पृष्ठभूमि बनेको हो ।

आज भक्तपुर 'फोहर सहर' को पुरानो परम्परागत तस्बिरभित्र अटाउँदैन । आजभोलि भक्तपुरमा फोहर सङ्कलन तथा व्यवस्थापनको सक्रिय प्रणाली छ । फोहरलाई सार्वजनिक बोझबाट निजी जिम्मेवारीमा बदल्न यो प्रणाली सफल देखिन्छ । भक्तपुरमा नौलो तवरले फोहर व्यवस्थापन गर्ने संस्थाहरूको विकास गरिएको छ । केही अध्ययनहरूले यिनै संस्थाहरूको कोणबाट भक्तपुरको रूपान्तरणलाई हेरेका छन् । तर, भक्तपुरको 'नयाँ मुहार' लाई सरसरती नियाल्दा यस्ता संस्थाहरू असाध्यै बलिया छन् भन्ने सङ्केत मिल्छ ।

भक्तपुरको नयाँ पहिचानभित्र 'सफा सहर' को नौलो प्रतिष्ठा आफैमा महत्त्वपूर्ण छ । हालसालै भक्तपुर घुम्ने वा यहाँ भएको परिवर्तनबारे सुन्ने मानिसहरूले यसलाई देशका ठुला सहरमध्ये सबैभन्दा सफा नगरको रूपमा बयान गर्ने गर्छन् । बाहिरियाले मात्र होइन, भक्तपुरकै बासिन्दाले समेत नगरको पछिल्लो सफाइलाई हालसम्मकै सबैभन्दा ठुलो उपलब्धि मान्छन् । हामीले धेरै भक्तपुरेहरूमा सफाइका आधारमा आफ्नो नगरलाई देशका अन्य सहरभन्दा अलग सहरको रूपमा चिनाउने उत्सुकता पायौँ । नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छेँको भनाइमा यो उत्सुकता प्रतिबिम्बित हुन्छ :

"भक्तपुरलाई देशकै पहिलो स्वच्छ, पारदर्शी र भ्रष्टाचारमुक्त नगर बनाउन हामीले अझ सक्रियतापूर्वक काम गर्नुपर्छ ।"

- अध्यक्ष नारायणमान बिजुक्छेँ, नगरस्तरीय कार्यकर्ता भेलामा राख्नुभएको मन्तव्यबाट ।

भक्तपुर एक सफा सहरमा रूपान्तरण भयो । यसले भक्तपुरको एउटा नयाँ र परिस्कृत तस्बिर निर्माण गऱ्यो । यो रूपान्तरणको अर्को महत्त्वपूर्ण पाटो पनि छ । सफाइको अवधारणा तथा सहरलाई सफा गर्ने प्रक्रियामा भएका गतिविधिले भक्तपुरका जनतालाई एउटा साधन प्रदान गऱ्यो; आफ्नो अतीतबाट अलग्गिने, नयाँ सामर्थ्यका साथ बाहिरियाहरूसँग संवाद गर्ने र आफ्नो भविष्यको छवि रच्ने साधन दियो ।

भक्तपुरको राजनीतिक र आर्थिक प्रक्रियामा प्रभावकारी फोहर व्यवस्थापन र सरसफाइका लागि भएको जनपरिचालन गहिरो गरी जोडिएको छ । तसर्थ, राजनीतिक र आर्थिक प्रक्रियामा रूपान्तरणको सावधानीपूर्ण अध्ययन गर्नाले हामीलाई फोहर सहरदेखि सफा सहरसम्म भक्तपुरको रूपान्तरणको कथा बुझ्ने स्थानमा पुऱ्याउन सक्छ । हाम्रो विचारमा यो कथाले भक्तपुरको सुशासनमा राजनीतिक इच्छाशक्तिको भूमिका प्रतिबिम्बित गर्न सक्छ ।




दक्षिण कोरियाको राजधानी सोलमा युद्धको विरोधमा र कोरियाली प्राय:द्वीपमा शान्तिको माग गर्दै विरोध प्रदर्शनमा उत्रेका कोरियाली जनता फेब्रुअरी १०, २०२६ का दिन । ब्यानरमा 'युद्ध अन्त्य गर र शान्तिपूर्ण सहअस्तित्व कायम गर ।' लेखिएको छ ।

*तस्बिर : एपी/आन योङ जून*

## विश्व सङ्क्षेप

### पूर्वी - प्रशान्त महासागरमा भएको पछिल्लो अमेरिकी आक्रमणमा दुई जनाको मृत्यु

वासिङ्टन, २७ माघ (क्यूएनए) । पूर्वी प्रशान्त महासँगरमा लागु-औषध तस्करीको आशङ्कामा एक डुङ्गालाई लक्षित गरी गरिएको अमेरिकी आक्रमणमा दुई जनाको मृत्यु हुनुका साथै एक जना घाइते भएको अमेरिकी सेनाले जनाएको छ ।

सेनाले यो आक्रमण समुद्री लागु-औषध तस्करीको बिरूद्ध चलिरहेको अभियानको एक स्वरूप भएको उल्लेख गरेको छ ।

अमेरिकी रक्षा विभागको सामाजिक सञ्जालको पेजमा पोस्ट गरिएको एक विज्ञप्तिमा युएस साउदर्न कमान्ड (साउथकम) ले संयुक्त टास्क फोर्स साउदर्न स्पियरले लागु-औषध तस्करी मार्गहरूमा अभियान सञ्चालन गरिरहेको र अवैध लागु औषध ओसार पसारमा संलग्न डुङ्गामाथि आक्रमण गरेको बताइएको छ ।

सन् २०२५ सेप्टेम्बरमा सुरु गरिएको "साउदर्न स्पियर" अभियान-अन्तर्गत क्यारिबियन सागर र पूर्वी प्रशान्त क्षेत्रमा संदिग्ध लागु औषध तस्करी गर्ने डुङ्गाहरूविरुद्ध अमेरिकी सैन्य कारबाहीको श्रृङ्खलामा आक्रमण भएको जनाइएको छ ।

अभियान सुरु भएदेखि भएको आक्रमणमा कम्तिमा १३० जना मारिएको रिपोर्ट गरिएको छ, भन कानुनी विशेषज्ञहरू र अधिकार समूहहरूबिच अन्तर्राष्ट्रिय जलमार्गमा त्यस्ता अपरेसनहरूको वैधानिकता र निरीक्षणको बारेमा बहस सुरु भएको छ ।

# किथुल परम्परालाई युनेस्को मान्यता

युनेस्को बुस्ट अम्बेगोडा (श्रीलङ्का), २७ माघ (एएफपी) । श्रीलङ्काका मेकानिक सारथ आनन्दले कुवेतमा गरेको जागिर छोडेर परम्परागत किथुल पामबाट मिठाई बनाउने पेशा अँगाल्दा यसले विश्वव्यापी प्रशंसा पाउनेछ भन्ने कल्पनासमेत गर्नुभएको थिएन ।

आनन्दले सन् २००८ मा स्वदेश फर्किएर परिवारको पुस्तौंदेखिको पेशा अपनाउनुभयो । किथुल पामबाट रस सङ्कलन गर्ने उहाँ अहिले युनेस्कोद्वारा मानवताको अमूर्त सांस्कृतिक सम्पदाको रूपमा सूचीकृत शिल्पका अनुभवी व्यवसायीमध्ये एक हुनुहुन्छ ।

यस मान्यताले श्रम अभाव, अनियन्त्रित मिलावट र घट्दो रस आपूर्तिका कारण कमजोर अवस्थामा रहेको कुटीर उद्योगलाई अन्तर्राष्ट्रिय ध्यानको केन्द्रमा ल्याएको छ ।

बिहान सबेरै र साँझपख ६३ वर्षीय आनन्द अग्ला क्यारियोटा युरेन्स पामका रुख चढेर मीठो दुधे रस सङ्कलन गर्नुहुन्छ । यही रस उमालेर क्यारामेल रङको सुगन्धित ट्रेकल बनाइन्छ, जसले किथुल मिठाईलाई विशिष्ट स्वाद दिन्छ ।

लामो समय उमाल्दा यही रस खनिजयुक्त पाम चिनी अर्थात् गुडमा परिणत हुन्छ, जसको ग्लाइसेमिक इन्डेक्स साधारण उखु चिनीभन्दा कम हुन्छ ।

तर उहाँका पाँच वटा रुखबाट दैनिक करिब २०० लिटर रस उत्पादन भए पनि घरेलु ब्रान्डको माग पूरा गर्न पर्याप्त हुँदैन । त्यसैले उहाँले ५५ जना ट्यापरहरूको सञ्जाल विकास गर्नुभएको छ, जसले अस्ट्रेलिया, बेलायत, न्युजिल्यान्ड र मध्यपूर्वसम्म निर्यात सम्भव बनाएको छ ।

"कुवेतमा १० वर्ष काम गरेपछि म घर फर्किएँ र पारिवारिक पेशा सम्हालेँ", उहाँले कोलम्बोबाट करिब १०० किलोमिटर दक्षिणमा रहेको अम्बेगोडास्थित आफ्नै घरमा भन्नुभयो ।

तर नयाँ पुस्ताले यो जोखिमपूर्ण कला अपनाउन नचाहने चिन्ता उहाँमा छ । "मेरो छोरो इन्जिनियरिङ पढ्दैछ । ऊ रुख चढ्न चाहँदैन होला", उहाँले भन्नुभयो ।

उहाँकी श्रीमती पद्मा नन्दनी थिब्बोटुवा उमाल्ने र हल्लाउने काम सम्हाल्नुहुन्छ । "सबैभन्दा ठुलो समस्या मिलावट हो । केहीले चिनी मिसाउँछन्", उहाँले भन्नुभयो ।

रस सङ्कलनपछि तुरुन्तै उमालिएन भने त्यो किथुल टोडी नामक मादक पेयमा परिणत हुन्छ । धेरै परिवारमा पुरुषले रस सङ्कलन गर्ने र महिलाले प्रशोधन गर्ने चलन छ ।

युनेस्कोको मान्यताले अझै पनि समाजमा निम्न पेशा ठानिने यस ग्रामीण उद्योगको प्रतिष्ठा बढाएको छ । युनेस्कोले किथुल ट्यापिङलाई सामुदायिक सद्भाव, सांस्कृतिक पहिचान र प्रकृतिसँगको गहिरो सम्बन्ध झल्काउने 'जीवित विरासत' भनेको छ ।

किथुल पाम जङ्गली रूपमा उम्रन्छ र मलको आवश्यकता पर्दैन । व्यावसायिक खेतीका प्रयास असफल भएका छन् । राज्य सञ्चालित किथुल विकास बोर्डले एक हजार ३०० ट्यापरलाई तालिम दिइरहेको जनाएको छ ।

बोर्डकी अध्यक्ष एम. यु. गयानीका अनुसार किथुल दक्षिण र दक्षिणपूर्व एसियामा पाइए पनि पूर्ण ट्यापिङ विधि श्रीलङ्कामा मात्र अभ्यास हुने भएकाले युनेस्कोले मान्यता दिएको हो ।

उहाँका अनुसार किथुल उत्पादनबाट वार्षिक करिब १० लाख डलर निर्यात आय हुन्छ । आपूर्ति अभावका कारण सम्भावना अझै धेरै बाँकी छ । टापुमा करिब पाँच लाख किथुल पाममध्ये आधाभन्दा कम मात्र ट्याप भइरहेका छन्, जसले उद्योगको सङ्घर्ष र सम्भावनालाई एकैसाथ देखाउँछ ।

# अफगानिस्तानमा विश्व बैङ्कद्वारा वित्त पोषित पानी आपूर्ति नेटवर्कको निर्माण सुरु

अफगानिस्तान, २७माघ ( एएनआई) । विश्व बैङ्कको सहयोगमा अफगानिस्तानको गजनी प्रान्तमा तीनवटा सफा पिउने पानी आपूर्ति नेटवर्कको निर्माण सुरु भएको टोलो न्यूजले जनाएको छ ।

दुई करोड अफगानको लागतमा ब्यान्ड, खोग्यानी र जानखान जिल्लामा निर्माण पहलहरू भइरहेका जनाइएको छ । परियोजना पूरा भएपछि यस क्षेत्रका करिब एक हजार परिवारलाई स्वच्छ पिउने पानी उपलब्ध हुने अपेक्षा गरिएको छ ।

गजनी ग्रामीण पुनर्वास तथा विकास विभागका परियोजना कार्यान्वयन प्रमुख सइद-उर-रहमान सइदले 'गजनीको खोग्यानी, अब बन्द र जानखान जिल्लामा तिनवटा जलापूर्ति आपूर्ति नेटवर्कको निर्माण सुरु भएको उल्लेख गर्दै एक हजार घर परिवारहरू यसबाट लाभान्वित हुने बताउनु भएको छ ।

स्थानीय बासिन्दाहरूले लामो खडेरी पछि पिउने पानीको पहुँचमा गम्भीर चुनौतीहरूको सामना गरिरहेको जनाउदै निरन्तर सहयोग गर्न आग्रह गरेका छन् ।

# अमेरिकामा नेपालीसहित तीन मुलुकका आप्रवासीको टिपिएस अन्त्यको बाटो खुल्यो

वासिङ्टन, २७ माघ (एएफपी) । संयुक्त राज्य अमेरिकाको एक अपील अदालतले होन्डुरस, नेपाल र निकारागुआबाट आएका आप्रवासीहरूलाई प्रदान गरिएको कानूनी संरक्षण अन्त्य गरी उनीहरूलाई निर्वासनतर्फ लैजान सकिने बाटो सोमबार खुला गरिदिएको छ ।

ट्रम्प प्रशासनले गत वर्ष हजारौं होन्डुरान, नेपाली र निकारागुआन नागरिकहरूको अस्थायी संरक्षित स्थिति (टिपिएस) समाप्त गर्ने निर्णय गरेको थियो, जसअन्तर्गत ती आप्रवासीहरूले कानुनी रूपमा अमेरिका बस्न र काम गर्न अनुमति पाएका थिए ।

यसअघि एक सङ्घीय न्यायाधीशले प्रशासनको उक्त निर्णय कार्यान्वयन नगर्न आदेश दिएका थिए । तर नवौं सर्किट कोर्ट अफ अपिल्सले सोमबार सरकारलाई उक्त आदेशविरुद्ध अपिल जारी रहँदासमेत निर्वासन प्रक्रिया अगाडि बढाउन सकिने भन्दै अनुमति दिएको छ ।

अदालतको निर्णयमा भनिएको छ, "नेपाल, होन्डुरस र निकारागुआका लागि टिपिएस समाप्ति रोक्ने अघिल्लो आदेश अपिलको प्रक्रिया पूरा नहुन्जेल स्थगित गरिएको छ ।"

टिपिएस कार्यक्रमले युद्ध, प्राकृतिक प्रकोप वा अन्य असाधारण परिस्थितिका कारण आफ्नो देश फर्किंदा जोखिममा पर्न सक्ने ठानिएका सीमित समूहका मानिसहरूलाई अस्थायी रूपमा अमेरिकामा बस्न र काम गर्न अनुमति दिन्छ ।

सन् १९९८ मा मध्य अमेरिकी क्षेत्रलाई विनाशकारी तूफान मिचले क्षति पुऱ्याएपछि अमेरिका पुगेका ५१ हजारभन्दा बढी होन्डुरान र करिब तीन हजार निकारागुआन नागरिकहरूले टिपिएसअन्तर्गत सुरक्षा पाएका थिए ।

त्यसैगरी, सन् २०१५ मा नेपालमा आएको विनाशकारी भूकम्पपछि करिब सात हजार नेपाली नागरिकलाई पनि यस कार्यक्रमअन्तर्गत अस्थायी संरक्षण दिइएको थियो ।

इतिहासमा हेर्दा, अमेरिकी राष्ट्रपतिहरूले यस्ता आप्रवासीहरूको टिपिएस स्थिति बारम्बार नवीकरण गर्दै आएका छन्, जसले उनीहरूलाई कागजातविहीन बनाउने र देशनिकाला गर्ने अवस्थाबाट जोगाएको थियो ।

तर ट्रम्पले सामूहिक निर्वासन अभियान चलाउने वाचा गरेका छन् । गृहमन्त्री क्रिस्टी नोमले सोमबार 'टिपिएस कहिल्यै स्थायी कार्यक्रमका रूपमा डिजाइन गरिएको थिएन' भनेर स्पष्ट पारेका छन् ।

गृह मन्त्रालयले टिपिएस हटाउने निर्णयका क्रममा ती देशहरूमा अवस्था सुधार भएको र त्यहाँका नागरिकहरू सुरक्षित रूपमा स्वदेश फर्कन सक्ने अवस्थामा पुगेको निष्कर्ष निकालिएको बताएको छ ।

# "'एक देश दुई व्यवस्था' मा हङकङले राष्ट्रिय सुरक्षाको संरक्षण गर्ने अभ्यास" शीर्षकको श्वेतपत्र सार्वजनिक

चीनको राज्य परिषद्को प्रेस कार्यालयले फेब्रुअरी १० मा "'एक देश दुई व्यवस्था' मा हङकङले राष्ट्रिय सुरक्षाको संरक्षण गर्ने अभ्यास" शीर्षकको श्वेतपत्र सार्वजनिक गरेको छ ।

उक्त श्वेतपत्रअनुसार, नयाँ युगमा प्रवेश भएपछि राष्ट्रपति सी चिनफिङको केन्द्रमा रहेको चिनियाँ कम्युनिस्ट पार्टीको केन्द्रीय समितिले "एक देश दुई व्यवस्था" नीतिलाई चौतर्फी रूपमा र दृढताका साथ लागू गरिरहेको तथा राष्ट्रिय सार्वभौमिकता, सुरक्षा, विकास हितको संरक्षण "एक देश दुई व्यवस्था" नीतिको सर्वोच्च सिद्धान्त हो भन्ने कुरामा जोड दिएको छ ।

हङकङले राष्ट्रिय सुरक्षाको संरक्षण गर्ने अभ्यास वास्तवमा "एक देश दुई व्यवस्था" लाई कायम राख्ने र विकास गर्ने अभ्यास हो, हङकङका ७५ लाख सर्वसाधारणको आधारभूत मानव अधिकार, सम्मानता तथा कल्याण संरक्षण गर्ने अभ्यास हो र विश्व शान्ति तथा विकासको प्रवर्द्धन गर्ने अभ्यास पनि हो । केन्द्रीय सरकारले हङकङ विशेष प्रशासनिक क्षेत्रलाई "एक देश दुई व्यवस्था" नीतिलाई चौतर्फी र सही रूपमा लागू गर्न, राष्ट्रिय सुरक्षाको संरक्षण गर्ने दायित्व वहन गर्न, राष्ट्रिय सुरक्षालाई सुदृढ पार्न समर्थन दिएको छ ।

**सन् २०२६ एपेकको पहिलो उच्च अधिकारीहरूको सम्मेलन क्वाङ चौमा सुरू**

सन् २०२६ एसिया प्रशान्त आर्थिक सहयोग सङ्गठन अर्थात् एपेकको पहिलो उच्च अधिकारीहरूको सम्मेलन फेब्रुअरी १० मा बिहान क्वाङ चौमा सुरू भएको छ ।

उक्त सम्मेलनमा सन् २०२६ एपेकको मुख्य विषयवस्तु अर्थात् "एसिया प्रशान्त समुदायको निर्माण, साझा समृद्धिको प्रवर्द्धन" मा ध्यान दिइनुका साथै तीन वटा प्राथमिक क्षेत्रहरू "खुला, नवप्रवर्तन, र सहकार्य" मा पनि ध्यान दिइनेछ । उक्त सम्मेलनले विभिन्न क्षेत्रको सहकार्य चौतर्फी रूपमा थाल्ने, ठोस सहकार्यबारे गहिरो रूपमा छलफल गर्ने, तथा आगामी नोभेम्बरमा नेताहरूको अनौपचारिक सम्मेलनका लागि उपलब्धि संचित गर्नेछ ।

चालू वर्ष चीन तेस्रो पटक एपेकका आयोजक मुलुक बन्ने छ । एपेकको उच्च अधिकारीहरूको सम्मेलन नेताहरूको सम्मेलनका लागि उपलब्धिको तयारी गर्ने मुख्य माध्यम हो ।

सन् २०२६ एपेक सम्मेलनको तयारी कार्य चौतर्फी रूपमा सुरू भइसकेको छ । विभिन्न कार्य सुचारु रूपमा चलिरहेको छ ।

सीपीसी केन्द्रीय समितिको राजनीतिक ब्यूरोका सदस्य तथा परराष्ट्र मन्त्री वाङ यीले मार्च १० मा ग्वाङ्झाउमा एपेकको पहिलो वरिष्ठ अधिकारीको बैठकमा भाग लिँदै सम्बोधन गर्नुभएको छ ।


वाङ यीले यो वर्ष चीनले तेस्रो पटक एपेकको आयोजना गरिरहेको र १२ वर्षको अन्तरालपछि यसको पुनरागमन भएको बताउनुभएको छ । राष्ट्राध्यक्ष सी चिनफिङले औंल्याउनुभएको छ कि आर्थिक वृद्धिलाई प्रवर्द्धन गर्ने र जनताको कल्याण सुधार गर्ने एपेकको मूल लक्ष्यलाई कायम राख्नुपर्छ, खुला विकासमार्फत अवसरहरू बाँडफाँड गर्ने र जित-जित परिणामहरू प्राप्त गर्ने, समावेशी आर्थिक भूमण्डलीकरणलाई अगाडि बढाउने र एसिया-प्रशान्त समुदाय निर्माण गर्नेछ । यस उद्देश्यका लागि, हामीले समृद्ध, स्थिर, खुला, समावेशी र सामञ्जस्यपूर्ण एसिया-प्रशान्त निर्माण गर्नुपर्छ ।

वाङ यीले भन्नुभयो, 'चीनले यस वर्षको बैठकको विषयवस्तु 'एसिया-प्रशान्त समुदाय निर्माण गर्ने र साझा समृद्धि प्रवर्द्धन गर्ने' तोकेको छ र 'खुलापन, नवीनता र सहयोग' को तीन प्राथमिकता क्षेत्रहरू वरिपरि वार्षिक एजेन्डा अगाडि बढाउनेछ । हामीले एसिया-प्रशान्त सहयोगको मूल लक्ष्यलाई पुनः पुष्टि गर्नुपर्छ, एपेकको भविष्यको विकासमा ध्यान केन्द्रित गर्नुपर्छ र नेताहरूको बैठकमा राम्रोसँग परिभाषित र व्यापक परिणाम दस्तावेज उत्पादन गर्न प्रयास गर्नुपर्छ ।'

एपेक 'चीन वर्ष' चीनको १५ औं पञ्चवर्षीय योजनाको सुरुवातसँग मिल्छ । चीनले एसिया-प्रशान्त क्षेत्र र विश्वमा विकासका लागि नयाँ अवसरहरू प्रदान गर्न आधुनिकीकरणमा आफ्ना नयाँ उपलब्धिहरूलाई उपयोग गर्नेछ ।

# तयार उत्तर होइन, प्रश्न सोध्ने कला सिकाउने बर्तोल्त ब्रेख्त–२

✍ मार्क सिल्बरम्यान


बर्तोल्त ब्रेख्त

राजनीतिक अग्रपङ्क्तिप्रति प्रतिबद्ध, ब्रेख्तले कला र सामाजिक व्यवहारलाई एकीकृत गर्ने युटोपियाको लक्ष्य राखे। पक्कै पनि, यो दृष्टि विशेष सामाजिक परिस्थितिबाट उत्पन्न भएको थियो र समयसँगै यसमा महत्त्वपूर्ण जोड-घटाउ पनि आए।१९२० को दशकको जर्मनीमा पुरानो व्यवस्थाको पतन र नयाँ तर बढ्दो अस्वीकार्य व्यवस्थाको जटिल निर्माणको साक्षीका रूपमा, उनी आत्म-अस्वीकृतिबाट मुक्ति पाउने विचारतर्फ आकर्षित भए। १९२० को दशकका प्रारम्भिक नाटकका समाजविरोधी नायकहरूको अति र एकाकीपनले उनीहरूको मध्यमवर्गीय विषयको आलोचना प्रकट गर्छ, तर आधुनिकतावादी समाधान - अत्यधिक व्यक्तिवादमार्फत जन-समूहबाट भाग्ने - मा नपुगेको देखाउँछ।१९२० को दशकको अन्त्यतिर र विशेषत: १९३० को दशकको प्रारम्भका प्रायोगिक सिकाइ नाटकहरू (Lehrstucke) मा, ब्रेख्तले यस व्यक्तिवादी, मध्यमवर्गविरोधी दृष्टिकोणको विकल्पको रूपमा एउटा सामूहिकताको रूप दिन खोजे, जुन व्यक्तिगत चेतनाबाट उद्भूत भई, जन-सङ्घर्षको गतिशीलताद्वारा वर्गीय पहिचानमा रूपान्तरित हुन्छ। यसरी प्रारम्भिक सामाजिक अराजकता र व्यक्तिगत एक्लोपनाको ठाउँमा सामूहिकताप्रतिको सहमति (Einverstandnis) र जन-समूहको विपरीत नभई तिनकै माध्यमबाट परिभाषित नयाँ व्यक्तित्वको जन्म हुन्छ।

**व्यक्तिको रहस्य खुलाउने प्रक्रिया**

यो सामूहिकताले ब्रेख्तको सहकार्यपूर्ण लेखन अभ्यासमा सौन्दर्यात्मक मात्र होइन, जीवनचरित्रसम्बन्धी प्रभाव पनि पारेको थियो। वाइमर गणराज्यको समयमा जर्मनीमा भएको आधुनिकतावादी सङ्कटको एउटा विशेषता भनेको सांस्कृतिक उत्पादनका अवस्थाहरूमा आएको तीव्र परिवर्तन थियो। लोकप्रिय मनोरञ्जन (सिनेमा, खेलकुद, नृत्य कार्यक्रम, जाज आदि) को वृद्धिसँगै फुर्सदको समयको गतिविधि बढी व्यावसायिक हुँदै गयो र त्यससँगै सांस्कृतिक सम्बन्ध पनि वस्तुमा परिणत हुन थाले, जसले परम्परागत सांस्कृतिक संस्थाहरूको भूमिकामा सामाजिक सङ्कट ल्यायो।

शिक्षित, मध्यमवर्गीय दर्शक बिस्तारै हराउँदै गइरहेका थिए र त्यसको स्थानमा कल्पनाशील तथा मनोरञ्जनात्मक गतिविधिको नयाँ माग राख्ने अझ व्यापक उपभोक्ता वर्ग आउँदै थियो।

सांस्कृतिक लोकतान्त्रिकरण तर्फको यो प्रवृत्तिले लेखकको भूमिका र आत्म-पहिचानलाई पनि असर गऱ्यो। एकातर्फ, अग्रगामी र परम्परावादी दुवै समूहले आफ्नो अभिजात्यताको नयाँ, विशिष्ट तरिका खोज्दै थिए; अर्कोतर्फ, ब्रेख्तजस्ता लेखकले आधुनिकताले ल्याएको सामाजिक विखण्डन र जनसमूहको वृद्धि प्रवृत्तिलाई स्वतन्त्रतामूलक रूपमा स्वीकार गरे।

मध्यमवर्गीय व्यक्तिवादका बन्धनहरू टुट्दै गइरहेका थिए। ब्रेख्तले उत्पादनको यस्तो दृष्टिकोण विकास गर्न थाले, जसमा लेखकको व्यक्तित्वलाई सामूहिकताभित्र विलय गरिन्थ्यो। सौन्दर्यात्मक क्रियाकलापलाई 'सिर्जना' भन्दा 'उत्पादन'को रूपमा बुझ्ने धारणा, जुन उनले आफ्नो पुस्तक-लामो निबन्ध द थ्रिपेनी लसुट (१९३२) मा व्याख्या गरेका थिए, यसै मौलिक परिवर्तनको सङ्केत हो। वास्तवमा, उनको म्यान इकल्स म्यान (१९२६) ले नायकको पहिचानलाई व्यापारिक विनिमयको सामाजिक-आर्थिक प्रक्रियामा भौतिक वस्तुको रूपमा देखाउने समाजशास्त्रीय नमुना प्रस्तुत गर्छ। मध्यमवर्गीय व्यक्तिको धारणाको रहस्य खोलेजस्तै, मध्यमवर्गीय लेखकको धारणाको रहस्य खोल्न पनि यो उत्तिकै महत्त्वपूर्ण छ।

सन् १९३० को दशकमा नयाँ प्रकारका प्रभुत्वको वृद्धि, विशेषत: फासीवादको उदयसँगै, ब्रेख्तको मानवतावादी समाजको दृष्टि आकर्षक भए पनि क्रमश: अझै अमूर्त बन्दै गयो र समकालीन फासीवादको विकल्प प्रस्तुत गर्ने उनका प्रयासहरू प्राय: असफल भए। निर्वासनमा जान बाध्य भई नाजीवादको भयावहतासँग सामना गर्दा, ब्रेख्तले नयाँ व्यवस्था निर्माण गर्नुको सट्टा पुरानोलाई नयाँ रूपमा प्रस्तुत गर्ने सम्भावनातर्फ ध्यान दिए।

एकातर्फ, यस अवधिका उनका दृष्टान्त नाटकहरूको औपचारिक सङ्क्षिप्तताले वास्तविकताको असम्भव विरोधाभासहरूबाट जोगाउने ढालको रूपमा काम गरेको देखिन्छ। अर्कोतर्फ, विषय र प्रविधिमा आएको परिवर्तनले योजनाबद्ध अपरिचयको प्रयोग गर्दै पाठ-दर्शक सम्बन्धलाई केन्द्रबाट हटायो, जसले युटोपियाली कल्पनालाई प्रत्यक्ष रूपमा दर्शकभित्र स्थानान्तरण गऱ्यो। द ककेसियन चक सर्कल को प्रस्तावना (१९४४ मा लेखिएको, १९४९ मा पहिलोपटक प्रकाशित) ले उनका परिपक्व नाटकहरूमा envisioned राजनीतिक र काव्यिक युटोपियाको सङ्क्षिप्त झलक दिन्छ। नाटकमा मातृत्वको भावना र रगतको सम्बन्धबिचको सङ्घर्ष असमानता र अन्यायको पृष्ठभूमिमा खुल्छ, जब युद्धको क्रममा एक कुलीन महिलाले आफ्नो बच्चा छोड्छिन्, जसलाई एक दासी युवतीले शान्ति फर्कुञ्जेल पालन गर्छिन् र पछि त्यो बच्चा ठूलो सम्पत्तिको उत्तराधिकारी ठहरिन्छ। प्रस्तावनाले नाजी विनाशपछि समाज कसरी पुनर्निर्माण गर्न सक्छ भन्ने प्रश्न उठाउँछ।

प्रस्तावनाको पृष्ठभूमि सोभियत जर्जिया हो, जुन जर्मन सेनाको कब्जाबाट मुक्त भएको पहिलो क्षेत्र थियो। संवादमा दुई समूह किसानहरू (बाख्रापालक र फलफूल उत्पादक) बिच उर्वर जमिनको स्वामित्वका लागि प्रतिस्पर्धा हुन्छ। राष्ट्रियतावादी र जातिवादी विचारधाराको पुनरावृत्ति हुने आफ्नै डर प्रक्षेपण गर्दै, ब्रेख्तले विवेकी छलफलतर्फको प्रबुद्ध दृष्टिकोणले युद्धपश्चात् युरोपका लागि नमुना बन्न सक्ने देखाउँछन्। मुख्य नाटकको गायकद्वारा गरिएको वर्णनमार्फत यी दुई किसान समूहले आफ्नो विवाद समाधान गर्नु र त्यसबाट देखिने सामूहिक भाग्य, कलालाई (गायकको वर्णन) र श्रमलाई (सामूहिक खेतीको योजना) स्वतन्त्र व्यक्तिका लागि समान रूपमा मूल्यवान उत्पादनको रूपमा चित्रित गर्छ।

प्रतिनिधित्व, सौन्दर्यशास्त्र र कल्पनाशक्ति राजनीतिक कार्य बन्छन्, जसको उपयोगिता श्रमको तुल्य हुन्छ। चालीसको दशकका आफ्ना सैद्धान्तिक लेखहरूमा ब्रेख्तले यस सामूहिकतालाई मानिसहरूको एकसाथ बसोबास ('das menschliche Zusammenleben') को रूपमा वर्णन गरे। युद्धपछि, बर्लिनर एन्सेम्बलमा उनका प्रयासहरूले यस्तै प्रकारको सामूहिकताको व्यावहारिक नमुना प्रस्तुत गरे, यद्यपि त्यो अपूर्ण र असम्पूर्ण रूपमै थियो।

**मार्क्सवादी ब्रेख्त**

ब्रेख्त १९२० को दशकको अन्त्यतिर मार्क्सवादी बने। आरम्भिक मार्क्सझैँ, उनको पुँजीवादमाथिको आलोचना प्रतिपुँजीवादी थिएन, बरु पुँजीवादलाई एउटा भौतिक शक्ति, उत्पादनका सम्बन्धलाई झन् जटिलतर्फ डोऱ्याउने इन्धनको रूपमा चित्रित गर्थ्यो। तर, मार्क्सवादी युटोपियावादी विचारमा रहेको एउटा आदर्शवादी निरन्तरता ब्रेख्तमा पनि देखिन्छ। यस धारणाअनुसार, सबै मानिसले एउटा काल्पनिक सामूहिकताको हितमा साझा चासो राख्छन्, किनकि उनीहरूमा एउटा आधारभूत वर्गीय पहिचान हुन्छ। तर, यस्तै सामाजिक संरचनाभित्रका अत्यन्त फरक-फरक अन्तरक्रियाहरूले आवश्यकता, माग, डर र चाहनाहरूको निकै जटिल अन्तर्सम्बन्ध देखाउँछन्।

ब्रेख्तले पनि वर्गलाई राजनीतिक र समाजशास्त्रीय परिभाषाका आधारमा विषय-पहिचानको प्रमुख वा वर्चस्वशाली स्वरूपको रूपमा व्याख्या गरे। तर, उनी विषयको जटिलताका अन्य पक्षहरूतर्फ अनभिज्ञ थिएनन्। उदाहरणका लागि, उनको सम्पूर्ण काव्यिक संरचनाले मार्क्सवादी परम्परामा प्रबल रहेको द्वन्द्वात्मक प्रक्रियालाई विरोधाभासको अन्तिम समाधानतर्फ जाने गति मात्रको रूपमा बुझ्ने दृष्टिकोणलाई चुनौती दिन्छ।

सन् १९३० को दशकमा उनको विकसित हुँदै गएको एपिक थियटरको परिभाषा - जसमा सङ्गीत, पाठ र सजावटजस्ता नाट्य तत्त्वहरूलाई छुट्याइन्थ्यो र अंश वा मोन्टाजको बाधात्मक गुणलाई दर्शकप्रति यसको खुलापनका कारण जोड दिइन्थ्यो - र १९५० को दशकमा उनले 'संवादमा सहभागी' दर्शकको अवधारणासहितको डायलेक्टिकल थियटरको पुनर्व्याख्या, यी दुवै उनका दृष्टिमा विरोधाभासलाई अन्त्य होइन, सिर्जनात्मक क्षणको रूपमा बुझाउने उदाहरण हुन्।

त्यसैगरी, सामूहिकताको पुनर्परिभाषामा उनले समुदायको अन्तर-विषयक 'एकसाथ बाँचाइ' लाई जोड दिए, जसमा प्रत्येक व्यक्ति आपसी द्वन्द्व र विरोधाभासमार्फत निरन्तर आफूलाई विषयका रूपमा निर्माण गरिरहेका हुन्छन्। स्पष्ट छ, उनले विषयको धारणा निर्माणको रूपमा नै बुझेका थिए।

ब्रेख्त कुनै रमाइलो सपनापरस्त युटोपियावादी थिएनन्, बरु राजनीतिक पराजय र ऐतिहासिक विच्छेदका अनुभवमार्फत आफ्नो आलोचनात्मक क्षमता विकास गरेका एक कलाकार-बुद्धिजीवी थिए। तर ब्रेख्तको न्यायपूर्ण, समानतामूलक समाजको परियोजनाले संसारलाई कसरी सुधार्ने भन्ने उत्तर खोजेन। बरु, उनका लेखनहरू असह्य र त्यसैले परिवर्तन गर्नैपर्ने अवस्थाका लागि कसरी प्रश्न सोध्ने, सही प्रश्न कसरी बनाउने भन्ने 'पटकथा' हुन्।

ब्रेख्त मानिसहरूलाई आफ्नो वरिपरिको समस्या चिन्न र त्यसको समाधान गर्न सक्षम बनाउने तर्कशक्तिमाथि विश्वास गर्थे। तर उनी न त साँघुरो दायरामा सीमित तर्कवादी थिए, न त प्रगति र मानव मुक्ति अपरिहार्य हुन्छ भन्ने सरल विश्वास राख्थे। त्यसैले, उनको भावनाप्रतिको आलोचना, जसलाई प्राय: गलत बुझिन्छ वा 'चिसोपन' को नाट्यरूपमा लागू गरिन्छ, भावनाहरू वा स्वत:स्फूर्तताको विरोध थिएन। बरु, त्यो परम्परागत रङ्गमञ्चमा भावनाको भूमिकाविरुद्ध थियो। हस्तक्षेपकारी सोचझैँ, ब्रेख्तको तर्कमा विश्वास पनि एउटा कार्यगत अवधारणा हो, जसले व्यक्तिलाई आफ्नो हित निर्धारण गर्न र त्यसको पक्षमा कार्य गर्न सक्षम बनाउँछ-अर्थात्, आवेग वा भावनालाई बहिष्कार नगरी तर्कसङ्गत कार्यको सिद्धान्त हो।

**गियरमा बालुवा**

हाम्रो दृष्टिमा रहेको ब्रेख्तको छवि एउटा माध्यमिक छवि हो, जुन जीवनचरित्र र ऐतिहासिक तथ्यहरूबाट, व्याख्यात्मक पढाइ र विवादास्पद अनुमानहरूबाट, उपयोगितावादी आवश्यकताहरू र युटोपियावादी चाहनाहरूबाट बनेको हो। यो निरन्तर परिवर्तनशील ब्रेख्त, जसको छवि कहिल्यै अन्तिम रूपमा स्थापित हुँदैन, यसकै कारण उत्तेजक बनेको छ। हो, आज ब्रेख्त एक शास्त्रीय व्यक्तित्व हुन्, आधुनिकतावादी र प्रबोधनकालीन परम्परामा स्थापित कलाकार र चिन्तकको रूपमा मान्यता प्राप्त, जसले गत शताब्दीका केही प्रमुख विनाशकारी घटनाहरूको बारेमा सोचविचार गरे र लेखे।

सञ्चारमाध्यम र इलेक्ट्रोनिक सञ्चारद्वारा नियन्त्रित संसारमा, ब्रेख्तको आवाज उदेकलाग्दो गरी पुरानो लाग्छ, तर त्यसै समयमा ब्रेख्टियन अभ्यासहरू - जस्तै विश्व साहित्यलाई तोडमोड गर्नु, कविता र सस्तो कलालाई मिसाउनु, जनसंस्कृतिलाई सकारात्मक रूपमा प्रयोग गर्नु, र कलाको प्रस्तुति तथा ग्रहणमा 'जटिल दृष्टि' अपनाउनु - बजार अर्थतन्त्रले मात्र हरण गरेको छैन, बरु आफ्नै कार्यप्रणालीमा समावेश गरेको छ।

टेलिभिजन स्ट्रिमिङ र भर्चुअल इन्टरनेट पहिचानको युगमा, अपरिचय प्रभाव (ब्रेख्तको प्रसिद्ध V–Effekt) पनि वस्तुहरू अझ प्रभावकारी रूपमा बेच्न प्रयोग गर्न सकिन्छ। तर यस्तो निराशावादले उन्नत पुँजीवादमा सञ्चारमाध्यममा प्रस्तुत छविहरूलाई अन्तिम अनुभवका रूपमा उचाल्ने प्रणालीको आंशिक पक्षलाई मात्र समग्र ठान्छ। ब्रेख्तको आलोचनात्मक परियोजनामा सहभागी हुनेहरूका लागि उद्देश्य भनेको सोच प्रोत्साहित गर्ने, र निस्क्रिय मननशील दृष्टिकोणलाई कमजोर पार्ने शिक्षा र सञ्चारका रूप खोज्नु हो।

ब्रेख्त संस्थागत पदानुक्रमका 'गियरमा बालुवा हाल्ने' चतुर उस्ताद थिए। यस दृष्टिले, उनी आजको सार्वजनिक बौद्धिकको लागि विशेष रूपमा सान्दर्भिक उदाहरण हुन्। उनी यस्तो समयमा बस्थे, जब कलाकार र चिन्तकको आत्म-छवि सामाजिक र राजनीतिक रूपमा संलग्न व्यक्ति हुने अपेक्षासँग मेल खान्थ्यो; तर आज भने कलाकार र चिन्तकहरूको स्वतन्त्रता र आत्म-संरक्षण बढी महत्त्वपूर्ण देखिन्छ। आलोचनात्मक विचारकहरूलाई खतरा हुने र आलोचनाका रणनीतिहरूको अवमूल्यन हुने ऐतिहासिक परिस्थितिमा, हामीलाई विरोधका आवाजका नमुना आवश्यक छन्, ताकि प्रतिवादको आवश्यकता बिर्सिन नपरोस्। ब्रेख्त यस्तै एउटा नमुना हुन्।

कुनै पार्टीसँग आबद्ध नभई पनि पक्षधर, औपचारिक संस्थानहरूबाट स्वतन्त्र तर संस्थानभित्र बाँचनको अनुभवसहित, पटक-पटक जोखिम लिन र असामान्य प्रयास गर्न तयार-यस्तै तरिकाले ब्रेख्तले आफूले परिवर्तनशील देखेको संसारसँग तालमेल राखे। हाम्रो समयमा, जब सामाजिक सञ्जालले सार्वजनिक धारणा बनाउने मूल्यहरू निर्माण गर्छ, 'गियरमा बालुवा हाल्ने' प्रयास र रणनीतिहरू फेरि उपयोगी छन्, र ब्रेख्तका लेखनहरूले यसो गर्नका लागि सशक्त उदाहरण दिन्छन्। नयाँ प्रविधिहरूले परिचित सुरक्षा र पहिचानलाई विस्थापित गर्ने प्रक्रियाका साक्षीका रूपमा, हामीलाई यस्ता उपकरण चाहिन्छ, जसले अन्तर्दृष्टि मजबुत पारोस्, मानवीय सम्बन्धलाई देखाओस् र हेर्ने बानीलाई अस्थिर पारोस्।

त्यसैले, ब्रेख्तको मुख्य योगदान भनेको इतिहासलाई जाँच्ने र इतिहासका प्रक्रियाहरूको परिवर्तनशीलता देखाउने उनका नवीन तरिकामा भेटिन्छ। जस शताब्दीमा उनी बस्थे, त्यसका टकराव र विच्छेदहरूमा अङ्कित उनको कलाकार र चिन्तकको महत्त्व, जब-जब यस्तो दृष्टि आवश्यक हुन्छ, जब-जब विचारहरूलाई निडर रूपमा आलोचना गर्न सकिने र निश्चितताहरू पुन:स्थापित गर्ने चिन्ता नगरी गर्न सकिने परिस्थिति बन्छ, तब-तब सान्दर्भिक हुन्छ। सङ्क्षेपमा, ब्रेख्तको प्रभाव कुनै तयार विधिहरूमा होइन, बरु उनका लेखनहरूले इतिहासका सत्य र प्रक्रियाहरूको बारेमा सोच्न हाम्रो आफ्नै सिर्जनशीलतालाई खुराक दिने क्षमतामा पाइन्छ।

*'ज्याकोबिन' अनलाइनमा प्रकाशित सामग्रीको नेपाली अनुवाद।*

*-समाप्त*

# सही व्यक्ति निर्वाचित गरेर देश र जनताको सेवामा जुटाइनुपर्छ

काठमाडौँ, २७ माघ । पञ्चायत कालदेखि राजनीतिक र मौलिक अधिकारको निम्ति प्रतिक्रियावादी सङ्घ संस्थाभित्र पसेर देश र जनताको सेवाको निम्ति लड्दै आएको नेमकिपाको चुनावी प्रचार जिल्ला जिल्लामा पुगेको छ । इमानदारिता, दृढ अडान र सिद्धान्तनिष्ठ राजनीतिको कारण नेमकिपाप्रति जनताको विश्वास बढ्दै गएको हो । देशमै स्वच्छ छविको राजनीति गर्ने, देश र जनताको निःस्वार्थपूर्वक सेवा गर्न नेता तथा कार्यकर्तालाई निर्देशन दिने नेमकिपालाई सर्वसाधारण जनताले मात्र होइन विपक्षी दलका नेताहरूले पनि नेमकिपाको गुणगान गर्दै छन् । यो गुणगान नेमकिपाले गर्दै आएको स्वच्छ र इमानदारीपूर्वक राजनीति गर्दाको फल हो । देशका बुद्धिजीवी, राजनीतिक विश्लेषक, लेखकहरूले पनि नेमकिपाको राजनीतिप्रति सन्तुष्ट व्यक्त गर्दै सहानुभूति प्रकट गरेका छन् ।

बढी भ्रष्टाचार हुने सूचीमा परेको कारण बदनाम भएको नेपाललाई शासकहरूले स्वच्छ छविको देश बनाउन सकेनन् । शासकहरूले इमानदार नेता, कार्यकर्ता तथा जनप्रतिनिधिहरू तयार गर्न सकेनन् । यसको कारण देश विदेशमा समेत नेपाल र शासकहरूको बदनाम भएको हो । देशमा भ्रष्टाचार गर्ने, घुसपैठ गर्ने, देशलाई भड्खालोमा पुऱ्याउने दल र दलका उम्मेदवारलाई मतदान गरेर 'किन मूर्ख मतदाता' बने भन्ने प्रश्न उठ्न थालेको छ । विदेशी कानुन मान्य हुने गरी एमसीसी पास गर्ने दल र दलका उम्मेदवारलाई जिताउन किन हौसिएका हुन् भनी प्रश्न गर्न थालेको छ । देशको राजस्वमा रजाइँ गर्ने, विकासको रकम चुहावट गर्ने, पद र पैसा जोहो भएपछि देश र जनता भुल्ने दल र दलका उम्मेदवारहरूलाई जिताउन नहुने विचार पनि देशव्यापी बन्दै गएको छ । ऋणमा डुबाउने, बढी भ्रष्टाचार हुने देशको सूचीमा पार्ने, सङ्कट निम्त्याउने, अर्थतन्त्र कमजोर बनाउने दल र दलका उम्मेदवारलाई फेरि जिताएर बारम्बार गल्ती गर्न नहुने स्वर पनि गाउँ बस्तीमा पुग्दै छ ।

देशको प्राकृतिक स्रोत र साधन विदेशी शक्ति राष्ट्रलाई सुम्पिने, नेपाली भूमि मिचे पनि विरोध नगर्ने, नेपाली भूमि कालापानीमा रहेका भारतीय सेना फर्काउन पहल नगर्ने दल र दलका उम्मेदवारहरूलाई जिताएर देशको भलो कसरी हुन्छ ? भागबन्डामा अल्झेर दलको सिद्धान्त र विचार बन्धक राख्ने दल र दलका उम्मेदवारहरूलाई अब नेपाली जनताले चिन्नुपर्छ; चिनेर पाखा लगाउनुपर्छ । शासक दलका नेताहरूको मनपरी हदैसम्म नाघेको छ । सुशासन ल्याउने, समृद्ध मुलुक बनाउने भजन गाउँदा गाउँदै देश ऋणमा डुबिसकेको छ; देश झन्झन् परनिर्भर हुँदै छ । ठुला दल भन्दै देश र जनताको पक्षमा राजनीति नगर्ने दल र दलका उम्मेदवारलाई सच्चा राजनीतिक विश्लेषकहरू धिक्कार्दै छन् । जति जोगी आए पनि कानै चिरेका दलहरूको पछाडि दगुरेर देश बन्ने स्थिति छैन ।

प्रत्येक पटकको निर्वाचनमा जानी या नजानी भुलेर, फसेर गलत व्यक्तिलाई जिताउनु मनासिब हुँदैन । जनताले विगतको कमी कमजोरीबाट शिक्षा लिनुपर्छ । शिक्षा लिइएन भने, सही दलका सही उम्मेदवारलाई चयन गर्न सकिएन भने देशको समस्या समाधान हुनेछैन; जनताको समस्या ज्यूँका त्यूँ नै रहनेछ ।

मतदाताले आफ्नो अमूल्य मतलाई कसैको लोभ प्रलोभनमा बिकाउनु हुँदैन । आफ्नो विचार र मत पैसा या लोभमा बिकेसम्म देशको मुहार बदल्ने छैन; बदल्न सक्नेछैन । मुलुकको अनुहार बदल्न, देशमा जनतालाई परिवर्तनको अनुभूति दिलाउन यहाँ सङ्घर्ष नगरी सुखै छैन । देशमा परिवर्तनकै निम्ति यो निर्वाचनमा जनतालाई सचेत र सङ्गठित बनाउनुपर्ने हो । जनतामा आमूल परिवर्तन गर्नुपर्छ भन्ने भावना विकास गराउनु जरुरी छ । नेमकिपाले यही ध्येयका साथ राजनीति गरिरहेको हो ।

जनता बिउँझिनुपर्ने समय आएको छ । जनता कसैको हल्ला र लहैलहैमा आँखा चिम्लेर जानु उचित होइन । जनताले पनि देशको राजनीतिक स्थितिबारे बुझ्नुपर्छ । बुझेर अघि बढ्नुपर्छ । यो देशको आवश्यकता हो; माग हो । यो बुझेर अब जनताले सच्चा उम्मेदवार चयन गर्नुपर्छ; सही व्यक्ति निर्वाचित गरेर देश र जनताको सेवामा जुटाउनुपर्छ । जनता सचेत र सङ्गठित नभएकै कारण देशमा सीमित वर्गले बहुमत जनतामाथि शासन गरिरहेको हो । शोषित पीडित जनताको मतबाट जनतालाई मात्र होइन देशलाई ठगिरहेको छ । यो समस्या र पीडाबाट अब जनता मुक्त हुनुपर्छ । त्यसको लागि जनता नै उठ्नुपर्छ; जागरुक हुनुपर्छ ।

### युवाहरूलाई...

नबोल्ने पार्टीका नेताहरू चुनावमा आश्वासनबाट जनतालाई झुक्याइरहेको बताउनुभयो ।

उहाँले सरकारले स्वदेशमै सीप र शैक्षिक योग्यताअनुसार काम, कामअनुसारको ज्याला दिन सके युवाहरू विदेश पलायन नहुने बताउनुभयो ।

नेमकिपा भनपा १० वडा समितिका अध्यक्ष लक्ष्मीप्रसाद चवालको सभापतित्वमा भएको सो कार्यक्रममा गुजेश्वरी प्रजापति, कृष्णशोभा मुस्याख्व, रोशिना ब्याञ्जु, रञ्जना सुवाल, बिनिता अवाल र उद्धव कोण्डाले पनि बोल्नुभएको थियो ।

भेलाले लक्ष्मीप्रसाद चवालको संयोजकत्वमा निर्वाचन परिचालन समिति गठन गऱ्यो ।

# मधेस विश्वविद्यालयका उपकुलपति प्रा.डा. दीपक शाक्य नेतृत्वको प्रतिनिधिमण्डल भक्तपुर नगरपालिकामा



भक्तपुर, २७ माघ । भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग वीरगञ्जस्थित मधेस विश्वविद्यालयका उपकुलपति प्रा.डा. दीपक शाक्यसहित जनसम्पर्क विषय अध्ययनरत विद्यार्थीहरूको प्रतिनिधिमण्डलले मङ्गलबार नगरपालिका सभाकक्षमा भेट गऱ्यो ।

भक्तपुर नगरको शिक्षा, स्वास्थ्य र सम्पदालगायतको अध्ययन भ्रमणको लागि भक्तपुर आएको उक्त टोलीलाई नगर प्रमुख प्रजापतिले भादगाउँले टोपी र खादाले स्वागत गर्नुभयो ।

भेटघाटको क्रममा उहाँले भक्तपुर नगरपालिकाले विभिन्न विषय अध्ययन गर्ने शैक्षिक संस्था सञ्चालन, शैक्षिक ऋण तथा छात्रवृत्ति प्रदान र न्यून शुल्कमा गुणस्तरीय शिक्षा प्रदान गर्दै आएको बताउनुभयो ।

स्थानीय सरकारले माध्यमिक तहसम्मको विद्यालय व्यवस्थापनको जिम्मेवारी पाएपछि भक्तपुर नगरपालिकाले शिक्षा क्षेत्रमा अनुकरणीय काम गरेको बताउँदै उहाँले 'एक घर एक स्नातक' को अवधारणापश्चात् भक्तपुरको शिक्षा विकास द्रुतगतिमा अगाडि बढेको हो भन्नुभयो ।

नगरपालिकाले सस्तोमा गुणस्तरीय चिकित्सक उत्पादन गर्न विश्वविद्यालय सञ्चालनको माग गरिरहेको बताउँदै उहाँले नगरपालिकाबाट सञ्चालित कलेजमा देशभरिका विद्यार्थीहरू अध्ययनरत रहेको बताउनुभयो ।

सोही क्रममा उपकुलपति शाक्यले भ्रमणको उद्देश्यमाथि प्रस्ट पार्दै शिक्षा क्षेत्रमा भक्तपुर नपाले गरेको उदाहरणीय कार्य विद्यार्थीहरूलाई देखाउन र सिकाउने उद्देश्यले भक्तपुर भ्रमणमा आएको बताउनुभयो ।


उहाँले मधेस विश्वविद्यालय एक घर एक स्नातकको अवधारणामा सञ्चालन भएको स्पष्ट पार्दै विश्वविद्यालयले बीए.एल.एल.बी. र बी.पी.ए. विषय सञ्चालन गरिरहेको बताउनुभयो ।

शिक्षण पेसाप्रतिको आकर्षण घट्दै जाँदा विश्वविद्यालयहरूमा शिक्षकहरूको अभाव रहेको बताउँदै उहाँले विश्वविद्यालयहरूबिच सहकार्य र स्वस्थ प्रतिस्पर्धाको आवश्यकता औँल्याउनुभयो ।

भेटपश्चात् नगर प्रमुख प्रजापतिले उपकुलपति शाक्यलाई मयुरको झ्याल र नपाका प्रकाशनहरू उपहारस्वरुप प्रदान गर्नुभयो ।

नगर प्रमुख प्रजापतिसँगको भेटपश्चात् प्रतिनिधिमण्डलले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप कलेज, ख्वप मावि, ख्वप कलेज अफ ल, ख्वप अस्पताल, ख्वप इ. कलेज र ख्वप कलेज अफ इ. को स्थलगत अवलोकन भ्रमण गरी त्यहाँको सेवासुविधाबारे जानकारी लियो ।

## हार्दिक श्रद्धाञ्जली




जन्म
२००७।०७।०८

निधन
२०८२।१०।१६

यस समूहका सदस्य सत्यनारायण तुल्सीबाख्योका पूजनीय पिता **लक्ष्मीनारायण तुल्सीबाख्यो**को असामयिक निधन भएको आज १३ औँ दिनको पुण्यतिथिमा मृतक आत्माको चिरशान्तिको कामनाका साथ भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौँ ।

**गोमारी 23 समूह**
गोमारी, भक्तपुर

## हार्दिक समवेदना



जन्म
२००३/०४/०५

निधन
२०८२/१०/१४

यस विद्यालयको तेक्वान्डो डोजाङका प्रशिक्षक गणेशमान ह्यौँमिखाका पूजनीय पिता **नारायणभक्त ह्यौँमिखा**को असामयिक निधन भएकोमा दिवङ्गत आत्माप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौँ ।

**नवीन आधारभूत विद्यालय, विद्यालय व्यवस्थापन समिति तथा नवीन तेक्वान्डो डोजाङ**
भनपा-७, गोमारी

## मतदान गर्ने अधिकारको प्रयोग गरौं।

- लोकतान्त्रिक शासन व्यवस्थामा मतदानको प्रक्रियामार्फत शासनमा सहभागी होऔं।
- मतदानको समयमा विवेकको प्रयोग गरौं।
- मतदान गरेर नागरिकको अधिकार र कर्तव्य निर्वाह गरौं।
- जनतामा निहित सार्वभौमसत्ताको प्रयोग गरौं।
- निर्वाचनको माध्यमबाट शासन व्यवस्थालाई वैधता प्रदान गरौं।
- असल, विवेकशील, गतिशील र दुरदर्शी नेतृत्व चयन गरौं।
- सुशासन कायम गरौं र सुशासनका लागि निरन्तर खबरदारी गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## हार्दिक समवेदना



जन्म : २००२।१०।२१
निधन : २०८२।०८।१७



जन्म : २००५।१०।१४
निधन : २०८२।१०।१६

यस समूहका आत्मीय मित्रद्वय कृष्णमाया लवजुका पूजनीय पिता **हेलबहादुर लवजु**को दुःखद निधन भएको आज ४५ औं दिन (लत्या) तथा पूर्णकेशरी लैबा (कैटी)की पूजनीय माता **मिश्रीमाया लैबा**को आज १३ औं दिनको पुण्यतिथिमा मृतकहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण तथा शोकसन्तप्त परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछौं ।

**B-49 समूह तथा B-49 मित्रवत कोष**
वागीश्वरी एस.एल.सी. ब्याच २०४९, भक्तपुर

## हार्दिक श्रद्धाञ्जली



जन्म : २०००।०४।१४
निधन : २०८२।१०।१७

यस संस्थाको सदस्यता नं २७२५ का सदस्य **पञ्चमाया फैजु**को असामयिक निधन भएको आज १२ औँ दिनको पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्रदान गरून् भनी हार्दिक समवेदना व्यक्त गर्दछ ।

**भक्तपुर बचत तथा ऋण सहकारी संस्था लि.**
च्याम्हासिंह, भनपा -९, भक्तपुर

## हार्दिक श्रद्धाञ्जली



जन्म : २०००।०४।१४
निधन : २०८२।१०।१७

यस पासा पुचःका सदस्य कृष्णलक्ष्मी फैजुकी ममतामयी सासू आमा **पञ्चमाया फैजु**को असामयिक निधन भएको आज १२ औँ दिनको पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्रदान गरून् भनी हार्दिक समवेदना व्यक्त गर्दछ ।

**पासा पुचः**
भनपा -९, तौलाछेँ, भक्तपुर

प्रकाशक तथा कार्यकारी सम्पादकः उद्धव सुजखु ★ सम्पादकः विष्णुगोपाल कुसी ★ कार्यालयः कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्सः ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखाः ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रकः सिद्धिगणेश अफसेट प्रेस, चोर्चा